
# युवा रोजगारीको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन

**(सिन्धुली जिल्लाको कमलामाई र काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका)**

असार २०७५




नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरवार काठमाडौं

प्रतिवेदन तयारी

**स्वशासन अध्ययन प्रतिष्ठान**

बानेश्वर, काठमाडौं

# कार्यकारी सारांस

युवा रोजगारीको बिषय संसारका सबै मुलुकको चासो र व्यवस्थापन गर्नु पर्ने बिषय भित्र पर्छ। नेपालमा पनि कूल जनसंख्याको झण्डै ४३ प्रतिशत युवा (१६-४० बर्ष) भएकाले यो उमेरका मानिसका लागि शिक्षा, स्वास्थ्यमा सहज पहुंचको व्यवस्था मिलाई देश विकासका विभिन्न क्षेत्रमा परिचालन गरेर सक्षम युवा संम्बृद्ध राष्ट्रको मान्यता कायम गर्नु नितान्त आवश्यक छ। तर स्वदेशमा आवश्यक रोजगारी सजिलै प्राप्त नहुदा कतिपय नेपाली युवा विदेशिन वाध्य भएका छन्। २०७२ साल बैशाख १२ गतेको महाभूकम्प पछिको पुनर्स्थापन तथा पुनःनिर्माणको अवस्थामा आईपुग्दा राज्यमा दक्ष, योग्य सक्षम युवा जनशक्तिको अभाव खड्किायो । अर्कोतर्फ बैदेशिक रोजगारीमा धेरै समस्या आएकाले सुरक्षित आप्रवास र स्वदेशमै रोजगारीका अवसर सृजना गरी युवा वर्गलाई बिदेशिनवाट रोक्नु पर्ने अवस्था सृजना भैसकेको छ। यसै विषयलाई ध्यानमा राख्दै सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र काभ्रोपलाञ्चोक जिल्लाको पनौती नगरपालिकामा युवा रोजगारीको सम्भावना सम्वन्धी अध्ययन गरिएको छ।


युवा रोजगारी सम्वन्धी सूचना व्यवस्थित हुन नसकेका कारण न्यूनतम् सूचनाकै आधारमा यो प्रतिवेदन तयार गरिएको छ। तथापि यस प्रतिवेदनमा समावेश भएका कतिपय सूचना द्वितीय स्रोतवाट लिईएका छन् भने अन्य कतिपय बिद्यमान सरकारी सेवा प्रदायक निकाय/कार्यालय तथा आयोजना/ परियोजना संचालन गर्ने संस्था र केही स्थानीय व्यक्ति र संस्थाहरु संग सम्पर्क गरी छलफलका विधिवाट संकलन गरिएका हुन्। प्राप्त विवरण अनुसार यस अध्ययनका लागि छनौट भएका दुवै नगरपालिकाहरु तुलनात्मक रुपमा युवा जनसंख्या धेरै देखिएको छ। यी दुई नगरपालिकाको तुलना गर्दा कमलामाईका धेरै युवा वैदेशिक रोजगारीका लागि गएका छन् भने पनौतीमा वेरोजगार युवा धेरै देखिएका छन्।

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको महत्वपूर्ण भूमिका रहने कुरालाई मनन गरी दुवै नगरपालिकाहरुले केही नीतिगत अवधारणा सार्वजनिक गरेका छन्। तर यो पर्याप्त भने छैन। युवा परिचालनको हकमा दुबै नगरपालिकाले केही नीति पारित गरेका छन् तर निश्चित कार्यक्रम वनिसकेको अवस्था छैन। नगरपालिकाको नयां संरचना अनुसार तथ्यांक मिलान र अध्यावधिक गर्ने कार्य भईसकेको छैन। यसले गर्दा यी दुवै नगरपालिकाहरुमा नगर विकास योजना वनेको छैन। जिल्लामा युवा समिति गठन भई नेपाल सरकारले रा.प.द्वितीय श्रेणीको अधिकृत सदस्य सचिव हुने गरी कार्यालय संचालन गरेको छ। तर युवाको अवस्थावारे सूचना व्यवस्थापन नहुदा युवा लक्षित कार्यक्रम तर्जूमा गर्न कठिन भएको देखिन्छ। कमलामाई नगरपालिका र आसपासमा आन्तरिक वसाई-सराई पनौती भन्दा धेरै छ। वेरोजगार युवा मध्ये बसाई सराई गरी आउने परिवारका युवाहरु बढी छन्।

अध्ययनका क्रममा भेटिएका युवालाई सरकारले (संघीय, स्थानीय) के कस्तो सेवा दिन्छ भन्ने विषय कम मात्रै जानकारी भएको देखियो। यसैले धेरै जसो सेवाहरु विचौलिया मार्फत लिने क्रम बढेको देखिन्छ। नागरिकलाई सेवा लिनका लागि आवश्यक सूचना जानकारी दिने निकाय र प्रक्रिया भए पनि व्यवहारिक शिक्षाको अभाव ले गर्दा आम नागरिकहरु सरकारी कार्यालयमा जान आट नगर्ने र उनीहरु विचौलियाको पछि लाग्ने गरेको देखिएकोछ। यसले गर्दा समेत राम्रा सीप विकासका तालिम तथा अवसरहरु वास्तविक लक्षित बर्गले पाउन नसकेको पाइयो। जिल्ला युवा समिति मार्फत सीप विकास तथा बिउँपूजी दिएर स्वरोजगार वनाउने युवा लक्षित कार्यक्रम संचालन गर्न सूचना प्रकाशित गर्दा पनि पर्याप्त दरखास्त परेन। यस तथ्यले उपलव्ध अवसर समेत सदुपयोग गर्न नसकेको देखाउछ।

कमलामाई नगरपालिकाको कूल २४,५२७ युवा जनसंख्या मध्ये करिव २८.०८ प्रतिशत मात्र पूर्णरुपमा रोजगारीमा लागेको देखिएको छ । यसमध्ये १.२३ प्रतिशत युवाले प्लम्बिङ र इलेक्ट्रिसियनको रुपमा रोजगारी पाएका छन् । नगरपालिकाको ठूलो भूभाग कृषि तथा पशुपालनका लागि योग्य भए तापनि युवापुस्ताले यस क्षेत्रमा चासो नराखी वैदेशिक रोजगारीका लागि वाह्य मुलुकतिर जाने गरेका छन् । यस्तै पनौती नगरपालिकाको कूल २०,३३९ युवा जनसंख्या मध्ये करिव २६.६८ प्रतिशत युवाहरु मात्र रोजगार भएको देखिन्छ । अन्य केही आंशिक रोजगारीमा रहेका छन् भने केही वैदेशिक रोजगारीमा समेत गएका छन् । रोजगार भएकामध्ये करिव १.६० प्रतिशत युवाले प्लम्वर र इलेक्ट्रिसियनको रुपमा काम गरिरहेका छन् ।

हाल पनौती नगरपालिकामा ५४२७ जना र कमलामाई नगरपालिकामा ६१०९ जना युवाहरु रोजगार रहेकामा आगामी ३ वर्षमा क्रमशः ५९८९ र ७२८२ जना रोजगार हुनेछन् । यसरी हेर्दा आगामी ३ वर्षमा पनौती नगरपालिकामा ५६२ जना र कमलामाई नगरपालिकामा थप ३८१ जनाको लागि रोजगारी मिल्ने देखिन्छ । भूकम्प पश्चातको पुनःनिर्माणले नयाँ रोजगारीका अवसर ल्याएको छ । विशेष गरेर प्लम्बिङ र इलेक्ट्रिसियन सम्बन्धी कामको माग ज्यादै बढेको छ । हाल कमलामाई नगरपालिकामा मात्र ६६९५ नयाँ घर वन्दै गरेका छन् । यसले गर्दा प्लम्विङ र इलेक्ट्रिसियनको माग वढेको हो । मर्मत संभारको लागि प्राप्त हुने रोजगारी यसमा समावेश गरिएको छैन । यस अनुसार आउदो २ देखि ३ बर्ष सम्म पुनःनिमार्णको कार्यका लागि मात्र दक्ष कामदारको आवश्यकता अहिलेको भन्दा दोब्बर हुनेछ ।




कमलामाई नगरपालिकामा हालको कुल ६,९०१ युवा रोजगारीलाई आधार मान्दा आगामी तीनबर्ष (सन् २०२०) सम्मका लागि रोजगारीको अवसर ५.५२ प्रतिशतले बृद्धि हुने देखिएको छ । संख्यात्मक हिसावले हेर्दा प्लम्बिङ र ईलेक्ट्रिसियनमा क्रमशः ६१ र १४२ जनालाई रोजगारी उपलब्ध हुनेछ । यस्तै पनौती नगरपालिकमा प्लम्बिङ र ईलेक्ट्रिसियनमा क्रमशः ६५ र १४९ जनाले रोजगारी पाउने प्रक्षेपण गरिएको छ । दुबै नगरपालिकाहरुले आगामी आर्थिक वर्षमा युवा लक्षित योजना तर्जुमा गरी कार्यक्रम संचालन गर्ने नीति लिएका छन् । नगरपालिकाले यसमा प्रतिबद्धता जनाएका कारण यो नीति लागु हुने अपेक्षा गरिएको छ । साथै राष्ट्रिय युवा नीतिलाई स्थानीय तहले स्थानीयकरण गरी लागु गर्न सकेमा युवा रोजगारी अझै बढ्न सक्ने देखिन्छ ।

## बिषय सूची

१) परिचय ........................................................................................ ४

१.१ पृष्ठभूमि ........................................................................................ ४
१.२ उद्देश्य .............................................................................................. ५
१.३ अध्ययन अनुसन्धान विधि ...................................................................... ५
१.४ अध्ययनको सीमितता ............................................................................ ६
२) युवा रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम ................................................ ७
२.१ नीति ................................................................................................ ७
२.२ कार्यक्रम ............................................................................................ ८
२.३. संस्थागत संरचनाः ................................................................................ ८
३) नगरपालिकाहरुको अवस्था विश्लेषण ........................................................ १०
३.१ जनसंख्या .......................................................................................... १०
३.२ शैक्षिक अवस्था .................................................................................. १०
३.२.१ कमलामाई नगरपालिका ...................................................................... १०
४. अध्ययनवाट देखिएको अवस्था ................................................................ १३
४.१ युवा रोजगारी सम्वन्धी नगरपालिकाको प्राथमिकता ........................................ १३
४.२ युवा रोजगारीको अवस्था ...................................................................... १४
४.१ पेशागत रोजगारी ................................................................................ १४
४.२ प्लम्विङ्ग र ईलेक्ट्रीसियन क्षेत्रको रोजगारी .................................................. १९
४.२.१ विद्यमान अवस्था .............................................................................. १९
४.२.२ अगामी ३ वर्षको रोजगारी प्रक्षेपण .......................................................... २०
४.३ वैदेशिक रोजगारी ................................................................................ २३
४.४ आप्रवासी कामदार ................................................................................ २३
५. युवा रोजगारीको अवसर, सम्भावना र चुनौती .............................................. २४
५.१ समग्र अवसर ...................................................................................... २४
५.२ रोजगारीका सम्भावित क्षेत्रहरु/सम्भावना ...................................................... २६
५.३ चुनौती .............................................................................................. २८
६) निष्कर्ष र सुझाव .................................................................................. २९
६.१ निष्कर्ष .............................................................................................. २९
६.२ सुझावहरु .......................................................................................... ३०
अनुसूची १: जनसंख्या ............................................................................... ३३
(क) कमलामाई नगरपालिकाः ..................................................................... ३३
(ख) पनौती नगरपालिकाः .......................................................................... ३३
अनुसूची २: आगामी ३ वर्षको पेशागत रोजगारी प्रक्षेपण ..................................... ३४
अनुसूची ३: स्थलगत अध्ययनका क्रममा सम्पर्क गरिएका / लक्षित समुह छलफलमा सहभागि भएका महानुभावहरुको नामावली ..................................................................... ३५
अनुसूची ४: सुचना संकलनको लागि प्रयोग गरिएका फर्मेट तथा चेकलिष्ट ................. ३९
सन्दर्भ सामग्री ........................................................................................ ४५

# १) परिचय

## १.१ पृष्ठभूमि

युवाशक्तिले देश विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। यसैले युवा जनशक्तिको क्षमता विकास गरी उनीहरुलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ। "युवा सरोकारका विषयलाई व्यवस्थित रुपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रुपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसुस गरी २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालय मार्फत राष्ट्रिय युवा नीति, २०६६ ले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन गरिँदै आएको छ। साथै युवाको विषय धेरै मन्त्रालय तथा निकायसँग अन्तरसम्बन्धित भएकाले युवा तथा खेलकुद मन्त्रालयले अन्तर-मन्त्रालय समन्वयको कार्य पनि अगाडि बढाएको छ । राष्ट्रिय युवा नीति, २०६६ ले मार्गदर्शन गरेबमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नेपाल स्काउट, राजनीतिक दलका युवासम्बद्ध संघ संगठन एवं विकास साझेदारहरुसँग समन्वय गर्दै आएको छ । युवा विकासका लागि नीतिगत पहल गर्न तथा कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रुपमा स्वायत्त संस्थाका रुपमा राष्ट्रिय युवा परिषद् गठनका लागि युवा तथा खेलकुद मन्त्रालयको पहलमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ पारित भई राष्ट्रिय युवा परिषद् गठनको प्रक्रिया अगाडि बढेको छ"[1]।

युवा शक्तिलाई देश विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ। हालको अवस्थामा बेरोजगार युवाहरुको संख्या उल्लेख्य रहेको छ । यस वर्गलाई विभिन्न पेशा व्यवसायमा संलग्न गरी उत्पादन वृद्धि गर्न सके बेरोजगार समस्या समाधान गर्न सकिन्छ। खासगरी व्यवहारिक र रोजगारमूलक शिक्षाको अभाव तथा व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच भएका कारण श्रमका लागि विदेशिने युवाहरुको संख्या दिनानुदिन बढ्दै गएको छ। यसको अर्थ नेपालमा युवा रोजगारीका सम्भावना तथा अवसरहरु छैनन् भन्ने होइन । पछिल्ला दिनहरुमा विकासमा अर्थपूर्ण सहभागिता, कृषि, पर्यटन, जलस्रोत लगायतका प्राकृतिक साधनस्रोतको उपलब्धतामा वृद्धि र बैंकिङ सेवा सुविधामा विस्तार भएको छ। लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित गरी कार्यक्रम विस्तार गर्न थालिएको छ। साथै बैदेशिक रोजगारको बाट प्राप्त सीप, अनुभव र साधनस्रोतको प्रयोग गरी आन्तरिक रोजगारी अवसर सृजना गर्न सकिने सम्भावना समेत वढेको छ।

वि.सं २०६८ को जनगणना अनुसार नेपालको कूल जनसंख्या २६,४९४,५०४ छ। जसमा १६ देखि ४० बर्ष उमेरको जनसंख्या १०,६८९,८४२ छ। नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले नेपालमा युवा भन्नाले १६-४० बर्षलाई मानेको छ। यस अनुसार नेपालमा युवा जनसंख्या करिव ४०.३५ प्रतिशत रहेको देखिन्छ। जसमा ५४.५ प्रतिशत महिला र ४५.८ प्रतिशत पुरुष रहेका छन्। प्राप्त तथ्याङ्क हेर्दा १६ देखि २५ बर्ष उमेरको साक्षरता ८०% छ भने २६ देखि ४० बर्ष समूहको ६१.३% छ। माध्यमिक तह पुरा गर्नेको संख्या १,४७५,६९२ (छात्रा ६४४,००० र छात्र ७४८,०००) अर्थात करिव १४% प्रतिशत युवा उच्च शिक्षा वा रोजगारीको लागि तयार भएका देखिन्छन्। यस मध्ये ३७.२१ % प्रतिशत युवाहरु रोजगार छन्।

[1] राष्ट्रिय युवा नीति, २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय

## १.२ उद्देश्य

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र काभ्रेपालाञ्चोक जिल्लाको पनौती नगरपालिकामा युवा रोजगारी र युवा सम्वद्ध अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्नु यसको मुख्य उद्देश्य हो । यसका खास उद्देश्यहरु देहाय वमोजिम रहेका छन्:

१.२.१ उक्त क्षेत्रको विद्यमान युवा रोजगारी र आगामी ३ वर्षमा युवा रोजगारीको सम्भावना आंकलन गर्ने ।

१.२.२ मूलतः प्लम्बिङ्ग र ईलेक्ट्रिसियन विषयमा हुन सक्ने रोजगारीका अवसरका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## १.३ अध्ययन अनुसन्धान विधि

यो अध्ययन खासगरी दुई किसिमका विधि प्रयोग गरी सम्पन्न भएको छ । पहिलो विधि भनेको केन्द्र तथा स्थानीयस्तरमा उपलव्ध स्रोत सामग्रीहरुको अध्ययन र सोको आधारमा प्राप्त भएका सूचना तथा जानकारीको प्रयोग । दोस्रो विधि भनेको स्थलगत अध्ययन र सो क्रममा प्राप्त सूचना तथा जानकारीको प्रयोग । स्थलगत भ्रमणको क्रममा देहायको विधि अवलम्वन गरी सूचना संकलन गरिएको थियो:



- जिल्लास्तरका पदाधिकारीहरुसंगको अन्तरक्रिया ।
- सम्बन्धित सरोकारवाला निकायहरुमा उपलव्ध स्रोत सामग्रीको अध्ययन र सूचना संकलन ।
- सरकारी, गैर सरकारी, निजी क्षेत्र, सहकारी र सामुदायिक निकाय तथा पदाधिकारीहरुसंगको छलफल ।
- लक्षित वर्ग छलफल ।
- नगरपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुसंगको अन्तरक्रिया ।
- नगरपालिकाका वडाहरुको स्थलगत अध्ययन, अवलोकन र स्थानीयहरुसंग छलफल ।
- स्थानीय जानकार व्यक्तिहरुसंगको अन्तरवार्ता र छलफल ।
- युवा संजाल तथा स्थानीय युवासंगको छलफल ।

सूचना संकलन प्रयोजनका लागि भएको बैठक, छलफल तथा अन्तरक्रियामा सहभागी हुनेहरुको नामावली अनुसूची ३ मा दिइएकोछ । यस्तै सूचना संकलन कार्यमा प्रयोग गरिएको फर्मेट तथा चेकलिष्ट अनुसूची ४ मा दिइएकोछ ।

यस विधिवाट प्राप्त सूचना विश्लेषण गरी अध्ययन अनुसन्धानको मस्यौदा प्रतिवेदन तयार गरी युवा तथा खेलकुद मन्त्रालयमा पेश गरी मस्यौदा प्रतिवेदनमा सुझाव प्राप्त भयो । प्राप्त सुझावहरुलाई समावेश गरी दोस्रो मस्यौदा प्रतिवेदन तयार भयो । यो प्रतिवेदन सम्बन्धित सरकोरवाला पदाधिकारीहरु समक्ष प्रस्तुत गरि सुझाव लिईएको थियो । यसरी प्राप्त सुझाव समेत समावेश गरी अध्ययन अनुसन्धानको अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

## १.४ अध्ययनको सीमितता (Limitation)

यस अध्ययनका लागि आवश्यक सूचना संकलन र सूचनाको आधिकारीकताको बिषयमा धेरै असहज अवस्था हुनका साथै सूचना संकलनका लागि स्रोतको सीमितता नै प्रमुख कारक तत्व भएको थियो । संगठित युवा संजाल तथा उनीहरुका गतिविधि र आवश्यकता वारेमा सेवा प्रदायक संग अद्यावधिक सूचना नहुदा सूचना संकलनमा समस्या परेको थियो ।

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र काभ्रेपालाञ्चोक जिल्लाको पनौती नगरपालिकामा भएको स्थलगत अध्ययनका आधारमा तयार गरिएको यस प्रतिवेदनले समग्र नेपालको युवा रोजगारीको यथार्थ अवस्था प्रतिविम्वित नगर्न सक्छ । सीमित समय र स्रोत सामग्रीमा आधारित भै सम्पन्न भएको यस अध्ययनले युवा रोजगारी र युवा सम्वद्ध समग्र पक्षको विश्लेषण गर्न सकेको छैन । खासगरी प्लम्बिङ्ग र ईलेक्ट्रिसियन क्षेत्रलाई आधार मानी अध्ययन भएको हुदा कतिपय कृषि तथा गैर कृषि र सामाजिक क्षेत्रहरुमा हुन सक्ने रोजगारीलाई यस अध्ययनले समेट्न नसकेको हुन सक्दछ । तथापि यसले हालको अवस्थामा स्थानीयस्तरमा युवा रोजगारीको अवस्था कस्तो छ र आगामी ३ वर्षमा यो कुन रुपमा जान सक्ला भनी इंगित गरेको छ ।

# २) युवा रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम

## २.१ नीति

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले युवा रोजगारी नीति तथा कार्यक्रम वनाएर मातहतका निकाय मार्फत कार्यान्वयनको व्यवस्था मिलाएको भए तापनि स्थानीय तहमा यसवारे विस्तृत छलफल तथा आन्तरिकीकरण गर्नुपर्ने देखिन्छ । नेपालको राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्षसम्मका नागरिकलाई युवा भनि परिभाषित गरेको छ । साथै "प्राथमिकताको समूहका युवा" भन्नाले महिला, आदिवासी जनजाति, मधेशी युवालाई जनाउने छ भनि यसै अनुरुप युवा नीति तयार गरिएकोछ । युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गर्ने र देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिने नीति समेत सरकारले लिएको छ । यस सन्दर्भमा रोजगारी सम्बन्धी निम्न नीतिहरुलाई स्थानीयतहको कार्यसूचीमा समावेश गराई कार्यान्वन गर्न सक्दा नतिजा उपलब्धीमूलक हुने देखिन्छ ।

- युवा रोजगारी प्रवर्द्धन गर्न रोजगार सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशिलता तथा अन्य सिपमूलक एवं व्यावसायिक तालिम प्रदान गर्ने । स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पूर्वाधार विकासमा जोड दिने ।
- युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी त्यसका लागि आवश्यक सुविधाको व्यवस्था गर्ने ।
- युवामा व्यावसायिकता तथा उद्यमशीलताको विकास र रोजगारी सृजना गर्न आवश्यकता अनुसार वित्तिय संस्था स्थापना र विकास गर्ने । प्राविधिक ज्ञान तथा सीप भएका युवामा उद्यमशिलता विकास गर्न प्रमाणपत्रका आधारमा युवामैत्री ऋण र बीउ पूँजी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने ।
- युवामा उद्यमशीलता विकास गर्न व्यवसाय सिर्जना (Business Incubation) सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- श्रमबजार र श्रमशक्ति उत्पादनमा देखिएको असमानजस्य कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्ने ।
- कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यावसायीकरण मार्फत अर्ध-बेरोजगार युवालाई पूर्ण रोजगारीको अवसर सिर्जना गर्ने ।
- युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गर्ने ।
- जोखिमपूर्ण कामबाट युवालाई मुक्त गराउन सुरक्षित र मर्यादित कामसम्बन्धी नीतिसँग तादात्म्य गरी कार्यक्रम सञ्चालन गर्ने ।
- उद्यमशीलताका क्षेत्रमा लगानी भएका उद्यमहरुको वीमा गर्ने ।

## २.२ कार्यक्रम

युवा रोजगारी सम्बन्धि क्रियाकलाप विगतमा स्थानीयतहको भन्दा पनि अन्य निकाय तथा आयोजनाहरुको जस्तो देखिएको छ । रोजगारीको विषय व्यक्तिको आफनो समस्याजस्तो गरेर राज्यस्तरवाट कार्यक्रम तर्जुमा नगरी वस्न हुदैन जसका कारण युवाहरु बैदेशिक रोजगारीमा जान अभिप्रेरित हुनेछन् । वि.सं २०७२ को विनासकारी भूकम्प र त्यसपछिको पुनःनिमार्णमा दक्ष जनशक्ति को अभाव रहेको वर्तमान अवस्थामा यस सम्वन्धी कार्यक्रम संचालन हुन भनै आवश्यक छ । नेपालमा युवाको परिचालन तथा उत्पादनशील युवाको उपलब्धता अहिलेको आवश्यकता भएकाले यसका विषयमा राज्यको तर्फवाट कार्यक्रम संचालन गर्नु महत्वपूर्ण भएको छ । यसै विषयलाई आधार मानी आ.व. २०७२/७३ मा श्रम तथा रोजगार मन्त्रालय अन्तरगत व्यवसायिक सीप विकास तालिम केन्द्रहरुले देहायको कार्यक्रम संचालन गरेका छन्:

- आधारभूत तालिम, आवासीय महिला तालिम, अपग्रेडिङ तालिम, वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी विशेष सीप विकास तालिम ।
- आवासीय महिला सीप विकास तालिम ।
- हलिया तथा मुक्त कमैयाका लाीग आवासीय जनरल मेकानिकल तालिम ।
- युवाहरुलाई वैदेशिक एवं युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम ।

यसका अलावा सरकारी, गैर सरकारी, सहकारी निजी क्षेत्र र स्थानीय तहहरुवाट समेत युवा/रोजगारी सम्बन्धी अन्य क्रियाकलापहरु संचालन गरिएको हुन सक्दछ। तथापि यस प्रतिवेदनमा स्थलगत अध्ययनको क्रममा देखिएको अवस्था र सरोकारवाला निकायहरुसंगको छलफल (लक्षित वर्ग छलफल) मा व्यक्त भएका विचार र अभिलेख भएका कार्यक्रम/क्रियाकलापहरु मात्र समावेश गरिएको छ ।

## २.३. संस्थागत संरचनाः

युवा नीति कार्यान्वयनको नेतृत्व युवा तथा खेलकुद मन्त्रालयले गरेको छ । मन्त्रालयले सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंगको समन्वयमा काम गरिरहेको छ । युवा नीति सम्बन्धी क्षेत्रगत कार्यक्रम कार्यान्वयन तथा अनुगमन र समन्वयको जिम्मेवारी सम्बन्धित मन्त्रालयहरुले लिएको अवस्था छ। संघीय मन्त्रालयहरुले आवश्यक कानुनी व्यवस्था मिलाई आफ्नो कार्यक्षेत्रभित्र परेका विषयहरु कार्यान्वयन गर्न गरेका छन् । साथै प्रदेश सरकारले आवश्यक नीति निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्दै लैजानेछन् । राष्ट्रिय युवा परिषद्ले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको संयोजन, समन्वय तथा सहजिकरण गर्ने व्यवस्था मिलाइएको छ। स्थानीय तहमा रहेका युवा सूचना केन्द्रलाई राष्ट्रिय युवा परिषद् अन्तर्गत ल्याई स्तरोन्नति गर्नुका साथै आवश्यकता अनुसार संरचना विस्तार गरी स्थानीय तहमा युवाका आवश्यकता अनुसार युवाको नेतृत्व, सीप र उद्यमशीलता विकास गर्नु आवश्यक छ। यसका लागि सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्था गर्नु पर्दछ । स्थानीय तहमा रहेका सूचना केन्द्रहरुसंगको समन्वयमा सूचना व्यवस्थापन गर्न सकिन्छ । साथै स्थानीय तह आफैले र सम्बन्धित संघसंस्था एवं निकायले सञ्चालन गर्ने युवा लक्षित कार्यक्रमहरु वीच

समन्वय गरी युवा सहभागिता, क्षमता अभिवृद्धि र प्रविधि विकास सम्बन्धी कार्यक्रमहरुलाई नतिजामुखी वनाउन आवश्यक छ । यसको लागि स्थानीय तहहरुले संस्थागत प्रवन्ध मिलाउनु पर्ने हुन्छ ।

युवा नीतिको कार्यान्वयन विभिन्न मन्त्रालय मार्फत हुने भएकाले अन्तर मन्त्रालय समन्वयका लागि युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा अन्तर मन्त्रालय 'राष्ट्रिय युवा नीति समन्वय समिति' रहने व्यवस्था छ । नीति कार्यान्वयनको प्रभावकारिता अनुगमन एवं मूल्याङ्कन गरी सहजीकरण गर्न युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा अन्तर मन्त्रालय 'राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति' समेत रहने व्यवस्था गरिएको छ । युवा सम्बन्धी सङ्घ/सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय तहका निकायहरूको सहभागितामा युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न वातावरण सिर्जना गर्नु आवश्यक छ । यस्ता सङ्घ संस्थालाई साझेदारको रुपमा लिई उनीहरुको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्नुपर्ने देखिएको छ ।


नेपाल सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरुले युवा लक्षित नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आफ्नो आवधिक तथा वार्षिक योजनामा बजेट विनियोजन गर्नु पर्दछ । यस्तै प्रदेश सरकार र स्थानीय तहले आफ्ना आवधिक तथा वार्षिक योजनामा युवा लक्षित तथा रोजगारी सृजना गर्न सक्ने विकास कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ । यसका अतिरिक्त स्थानीय तहहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारहरुको सहयोग परिचालन गरी युवा रोजगारको वातावरण तयार गर्नुपर्ने देखिएको छ ।

सहकारी, बैंक तथा बित्तीय संस्थाहरुवाट पूँजी परिचालन गरी युवाहरुको लागि सीपमुलक तालिम, सहुलियत कर्जाको माध्यमवाट युवाहरुमा उद्यमशिलताको विकास गरी उनीहरुलाई स्वरोजगार र व्यवसायिक बनाउने लक्ष्यका साथ वि.सं. २०६५ मा युवा तथा साना व्यावसायी स्वरोजगार कोष स्थापना भएको हो । यस कोषवाट युवा जनशक्तिलाई सीपमुलक तथा व्यवसायिक तालिम प्रदान गर्नुका साथै परम्परागत सीपको प्रर्वद्धन गर्दै आर्थिक रुपमा पिछडिएका विपन्न वर्ग, समुदाय, वेरोजगार युवाहरुलाई सेवामुलक स्वरोजगार कार्यक्रम संचालन गर्न सहुलियत व्याज दरमा कर्जा प्रदान गर्ने कार्य भैरहेको छ । यसले वेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन अभिमुखिकरण, व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गर्नुका साथै बैंक एवं वित्तीय संस्था, सहकारी संस्थाहरु मार्फत विना धितो सहुलियत व्याजदरमा आवधिक कर्जा प्रदान गरी वेरोजगार युवाहरुको आय आर्जनमा वृद्धि गरी जिविकोपार्जनलाई सहज बनाउन मद्दत पुर्‍याउदै आएको छ ।

# ३) नगरपालिकाहरुको अवस्था विश्लेषण

## ३.१ जनसंख्या

यस प्रतिवेदनमा राष्ट्रिय जनगणना २०६८ को जनसंख्यालाई आधार मानिएको छ । जस अनुसार कमलामाई नगरपालिकाको जनसंख्या ६४,३७६ रहेकोछ भने पनौती नगरपालिकाको जनसंख्या ४६,५९५ रहेकोछ । यसमध्ये कमलामाई नगरपालिकामा २४,५२७ र पनौती नगरपालिकामा २०,३३९ युवा जनसंख्या रहेको छ । यसरी हेर्दा कमलामाई नगरपालिकामा ३८.१ र पनौती नगरपालिकामा ४३.६५ प्रतिशत युवा जनसंख्या रहेको देखिन्छ । दुवै नगरपालिकाको औषत युवा जनसंख्या ४०.४३ प्रतिशत हुन आउछ । कमलामाई नगरपालिकामा महिलाको तुलनामा पुरुष जनसंख्या धेरै (५२.७० प्रतिशत) छ भने पनौती नगरपालिकामा पुरुषको तुलनामा महिला जनसंख्या धेरै (५३.२०) रहेको देखिन्छ । वडागत हिसावमा कमलामाई नगरपालिकाको वडा नं. ६ र वडा नं. ३ क्रमश: सवैभन्दा वढी र सबैभन्दा कम जनसंख्या भएको वडा हुन् । यस्तै पनौती नगरपालिकामा वडा नं ४ र वडा नं ६ क्रमश: सवैभन्दा वढी र सबैभन्दा कम जनसंख्या भएको वडा रहेका छन् । जनसंख्या सम्बन्धी विस्तृत विवरण अनुसूची १मा दिईएकोछ ।




## ३.२ शैक्षिक अवस्था

### ३.२.१ कमलामाई नगरपालिका

भूकम्प प्रभावित आवास, पुन:निर्माण लगत संकलनको क्रममा २०७४ मा लिइएको सूचना अनुसार कमलामाई नगरपालिकामा ७० वटा बालविकास केन्द्र, ८० वटा आधारभूत विद्यालय र २५ वटा माध्यमिक विद्यालयहरु रहेका छन् जसमा १४६३४ विद्यार्थी अध्ययनरत छन् । त्यसैगरी उच्च शिक्षा प्राप्त ३७०२ जना रहेका छन् जसमा प्रमाण पत्र तह उत्तिर्ण २५२१ जना, स्नातक तह उत्तिर्ण ८७८ जना, स्नातकोत्तर तह २९९ र पिएचडी गर्ने ४ जना रहेका छन् तालिका नं १) । जिल्लाको समग्र साक्षरता दर ८२.५१ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता ८६.६९ प्रतिशत र महिला साक्षरता ७५.५६ प्रतिशत रहेको देखिन्छ ।

## तालिका नं.१ कमलामाई नगरपालिकामा तहगत शैक्षिक विवरण

| विषय/संकाय | प्रमाण पत्र | स्नातक | स्नातकोतर | पिएचडी | जम्मा |
|---|---|---|---|---|---|
| मानविकी र कला | ५७७ | २३५ | ८९ | १ | ९०२ |
| व्यापार र प्रशासन | ३२९ | १११ | २७ | ० | ४६७ |
| शिक्षा | ९९२ | २९६ | ५२ | १ | १३४१ |
| विज्ञान | ९६ | २७ | १८ | ० | १४१ |
| स्वास्थ | ६२ | १७ | ९ | ० | ८८ |
| इन्जीनियरिङ, उद्योग र निर्माण | ८ | १३ | १ | ० | २२ |
| कानून | १९ | ११ | ४ | ० | ३४ |
| सामाजिक र व्यवहारिक विज्ञान | ७७ | ६५ | ५५ | २ | १९९ |
| गणित तथा तथ्यांक | ३९ | १८ | १७ | ० | ७४ |
| कृषि, वन तथा माछापालन | १२ | ३ | ३ | ० | १८ |
| कम्प्यूटर | २ | ३ | ० | ० | ५ |
| अन्य | ० | ० | १ | ० | १ |
| उल्लेख नभएको | ३०८ | ७९ | २३ | ० | ४१० |
| जम्मा | २५२१ | ८७८ | २९९ | ४ | ३७०२ |

*श्रोत: केन्द्रीय तथ्यांक विभाग*

पनौती नगरपालिकाका कुल युवा जनसंख्या (२०३३९) मध्ये करिव ३८०४ जना (१८.७ प्रतिशत) उच्चशिक्षाका विभिन्न विधामा रहेको देखिन्छ (तालिका नं २)। बाकि ८१.३ प्रतिशत युवाहरु मध्यम तथा न्यूनस्तरको रोजगारीका लागि श्रम बजारमा आएका छन्। यसवाट के प्रष्ट हुन्छ भने विद्यालय शिक्षा पुरा गरेका तर उच्चशिक्षा अध्ययनमा नगएका युवाहरुमा वेरोजगारीको दर वढी छ।

## तालिका नं.२ पनौती नगरपालिकामा उच्च शिक्षा विवरण

| क्र.सं. | विषय/संकाय | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मानवीकि र कला | ४६३ | १२.१७ |
| २ | व्यापार र प्रशासन | १०७६ | २८.२९ |
| ३ | शिक्षा | ८१० | २१.२९ |
| ४ | विज्ञान | २५४ | ६.६८ |
| ५ | स्वास्थ्य | ५६ | १.४७ |
| ६ | इन्जिनियरिङ | ३१ | ०.८१ |
| ७ | कानून | ४० | १.०५ |
| ८ | सामाजिक र व्यवहारिक विज्ञान | ७४ | १.९५ |

| क्र.सं. | विषय/संकाय | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|
| ९ | गणित तथा तथ्यांक | २३ | ०.६० |
| १० | कृषि, वन र माछापालन | २० | ०.३ |
| ११ | कम्प्यूटर | २६ | ०.६८ |
| १२ | पत्रकारिता | ४ | ०.११ |
| १३ | अन्य | ९२७ | २४.३७ |
| | जम्मा | ३८०४ | १००.०० |

स्रोत : जिल्ला वस्तुगत विवरण २०७४, काभ्रे

# ४. अध्ययनवाट देखिएको अवस्था

## ४.१ युवा रोजगारी सम्वन्धी नगरपालिकाको प्राथमिकता

कमलामाई

कमलामाई नगरपालिकाले हालसम्म युवा रोजगारी सम्बन्धी योजना वनाएको छैन । तर यस विषयलाई सम्वोधन गर्नुपर्ने कुरामा जनप्रतिनिधिहरु एकमत रहेका छन् । खासगरी युवाहरुलाई स्वरोगारको अवसर सृजना गर्न बातावरण वनाउने कुरामा नगरपालिका प्रतिवद्ध रहेको पाइयो । ताजा तरकारी तथा दुग्ध उत्पादन प्रबर्धन नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रको रुपमा रहेको छ । यसका लागि नगरपालिकाले सम्बन्धित सरोकारवाला निकायको सहयोगमा देहायका कार्यहरु गर्ने जनाएको छ :

- युवालाई उनीहरुको दायित्वबोध हुने गरी चेतनामूलक क्रियाकलापमा संलग्न गराउने ।
- व्यावसायिक र सीपमूलक शिक्षा नीति अवलम्वन गर्ने ।
- निजी क्षेत्रसंग साझेदारी गरी 3P (Private, Public Partnership) गर्ने संभावना खोजी गर्ने ।
- कृषि विमाको नीति अवलम्वन गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा लगानी वढाउन बैंक तथा वित्तीय क्षेत्रलाई प्रोत्साहन गर्ने ।

नगरपालिकाले बैदेशिक रोजगारीवाट फर्केका युवाले सिकेको सीप प्रयोग गरी स्वरोजगार व्यवसाय संचालन गर्न चाहेमा प्रतिव्यक्ती अधिकतम् रु. एक लाख अनुदान दिने घोषणा गरेको छ । यस्तै निर्यातमूलक व्यवसाय वा उद्योग संचालन गर्नेलाई पुरस्कृत गर्ने र आगामी ३ बर्ष भित्रमा तरकारी उत्पादनमा आत्मनिर्भर वन्ने नीति नगरपालिकाले अवलम्वन गरेको छ। यसका लागि कृषि तथा पशुविकास सम्बन्धी आधारभूत जानकारी सहितको कृषि प्रोफाईल तयार गर्न प्रारम्भिक कार्यको थालनी भएको छ । आर्थिक सम्बृद्धिमा सहयोग पुऱ्याउने गरी कमलामाई नगरपालिकाले सहकारी ऐन २०७४ जारी गरिसकेको छ ।

पनौती

पनौती नगरपालिकाको प्रथम नगरसभा, २०७४/७५ ले रोजगारी प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुग्ने गरी देहायको नीति पारित गरेको छ ।

- जनताको कर जनतालाई, जनताको आवाज हामीलाई, हाम्रो उपस्थिति र अनुगमन उत्पादित कामलाई भन्ने नारालाई सार्थक बनाउन प्रत्येक वडामा रोजगारीमूलक कार्यक्रम संचालन गर्ने ।
- नगरमा संचालित सामुदायिक क्याम्पसहरुमध्ये उपयुक्त पूर्वाधार भएकोलाई व्यावसायीक सीप विकास तालिम केन्द्रको रुपमा विकास गर्ने । आवश्यक सीप सहितको मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने ।
- दक्ष जनशक्ति स्थानीयस्तरमै उत्पादन गरी युवा रोजगारीमा वृद्धि गर्ने ।

- पनौती प्राविधिक शिक्षालयको संस्थागत क्षमताबृद्धि गरि चालु शैक्षिक कार्यक्रमलाई स्तर वृद्धि गर्ने ।
- जिल्लामा भौतिक निर्माणका लागि आवश्यक डकर्मी उत्पादन गर्न तालिम संचालन गर्ने । यसको लागि भवन विभाग र National Society for Earthquake Technology-Nepal (NSET) लाई अनुरोध गर्ने ।
- गौरबपूर्ण आयोजनाका रुपमा निर्माणाधिन सिरानचौर स्थित क्षेत्रीय रंगशालालाई गुरुयोजना अनुसार निर्माण सम्पन्न गर्न आवश्यक जमिन तथा अन्य सहयोगको प्रबन्ध मिलाउने ।
- सामूदायिक वनक्षेत्रमा संरक्षण सहितको पर्यटकीय सुविधाका लागि चिडियाघर, पार्क तथा होटल रिर्सोटको प्रवर्द्धन गर्ने कार्यमा सहकार्य र साझेदारीको अवसर सृजना गर्ने ।
- नगरमा एकिकृत सूचना प्रणालीको स्थापना गरी सम्पूर्ण सूचनाको अभिलेखीकरण तथा अद्याबधिक गर्ने र सूचनालाई भरपर्दो तथा व्यवस्थित वनाउने ।
- विभिन्न बिषय र क्षेत्रसंग सम्बन्धित नगरस्तरीय संजाल निर्माण गरि क्षेत्रगत प्रतिनिधित्व/ सहभागी र साझेदारीलाई उपलब्धीमूलक बनाउने ।



यसका अलावा पनौती जलबिद्युत केन्द्रलाई बहुउद्देश्यीय आयोजनाका रुपमा विकास गर्ने । यसमा अध्ययन र प्रयोगशाला, मनोरञ्जन स्थल एवं आराम गृह र गोष्ठी सेमीनार संचालन गर्न सकिने संभावनाको खोजी गर्ने र निजी क्षेत्रसंग साझेदारी गरी रोजगारीको अवसर सृजना गर्ने नगरपालिकाको लक्ष रहेको छ ।

# ४.२ युवा रोजगारीको अवस्था


## ४.१ पेशागत रोजगारी


कमलामाई नगरपालिकामा सिन्धुलीमाढी र भिमान क्षेत्र वाहेक सबैजसो पहाडी धरातल र ग्रामिण बस्ती छ । नगरपालिकाको कूल भूभाग मध्ये ६० प्रतिशत बनजंगलले ढाकेको छ । सार्वजनिक पर्ती जग्गापनि संरक्षित छ । यहा संस्थागत रोजगारीका अवसर भन्दा पनि जिविकोपार्जनका लागि आशिक स्वरोजगार हुनेको संख्या अधिक छ ।

कृषि क्षेत्रले कमलामाई नगरपालिकाको आन्तरिक आयको ठूलो हिस्सा ओगटेको छ । नगरपालिकाको कूल जनसंख्या (६४,३७६) मा ४१.१६ प्रतिशत आर्थिक रुपले सक्रिय रहेका छन् । नगरका वडा नं ३ लाई

बैदेशिक रोजगारीमा नजाने (बैदेशिक रोजगारीमूक्त) घोषणागर्ने तयारीका साथ चपौली क्षेत्रलाई व्यवसायिक तरकारी उत्पादन पकेट क्षेत्र वनाउने, वडानं ९ मा पशुपालनलाई व्यापकता दिई दुध र दुग्धपदार्थ (घिउ) उत्पादन बढाउन सकिने बिषयमा कार्ययोजना तयार भएको छ। वडा नं ९ भिमान क्षेत्रमा गाईपालन तथा घाँसखेती व्यवसायिक रुपमा रहेको छ। स्वरोजगार कार्यक्रम अन्तर्गत गत बर्ष यहा १० वटा गाई वितरण गरिएको थियो। प्रत्येक घरले दैनिक रु ५०० अनिवार्य कमाईगरेको हुनुपर्ने सूचक निर्धारण गरी काम भएको हुदा यसको नतिजा राम्रो छ। यस नगरपालिकाको वडा नं ३ (साविक जलकन्या गाविस) मा बैदेशिक रोजगारीवाट फर्केका युवाहरु सामूहिक रुपमा आधुनिक व्यवसायिक तरकारी खेतीमा लाग्ने गरेका छन्। यस वडाले युवा रोजगारीको अवसर सृजना गरी बैदेशिक रोजगारी रहितको वडा घोषणा गर्ने नीति लिएको छ।

सीप विकासका लागि घरेलु तथा साना उद्योग विकास समिति सिन्धुलीले गत बर्ष ९५० जना युवालाई तालिम दिएको छ (तालिका नं. ३)। यस्तै अन्य निकायवाट २५८२ जना लाई विभिन्न विषयमा सीपमूलक तालिम दिइएको छ। यहाँ भूकम्प पश्चातको पुन:निर्माणलाई लक्षित गरी तालिम कार्यक्रम संचालन हुने गरेको छ। दक्ष तथा तालिम प्राप्त डकर्मी उत्पादनको लागि भूकम्प पुन:निर्माण अन्तर्गत ३०० जनालाई डकर्मी तालिम दिईएको छ। प्राप्त तथ्यांक अनुसार जिल्लामा विभिन्न किसिमका रोजगारीमूलक तालिमहरु संचालन भएका छन्। यसवाट स्थानीयस्तरमा थप रोजगारी सृजना हुन सक्नेछ।




तालिका नं.३ कमलामाई नगरपालिकाको तालिम सम्वन्धी विवरण

| तालिमको नाम | तालिम लिनेको संख्या | कैफियत |
|---|---|---|
| भुकम्प पुर्ननिर्माण अन्तरगत डकर्मी तालिम | ३०० जना | |
| उद्यमशिलता विकास तालिम | २५० जना | १० दिने ३० जनाको समूहमा दिने |
| भगत सर्वजित सिपमूलक तालिम | १०० जना | जिल्लाका दलितलाई लक्षित |
| उद्योग प्रर्बधन कार्यक्रम | २० जना | माहुरी पालन |
| स्तरउन्नती तालिम | २० जना | |
| सीप विकास तथा रोजगार | १० जना | |
| युवा उद्यमशिलता विकास तालिम | ४० जना | |
| परम्परागत उद्यम प्रर्बध्दन तालिम | १० जना | |
| गरीवी निवारण सम्बन्धि BDSP | २०० जना | |

| तालिमको नाम | तालिम लिनेको संख्या | कैफियत |
|---|---|---|
| **जम्मा** | **९५० जना** | |


गैरसरकारी संस्था महासंघ जिल्ला शाखाका अनुसार आ व २०७३/०७४ मा लघु उद्यम विकास अन्तरगत युवा रोजगारी लक्षित कार्यक्रमवाट ३०३७ जना युवा (महिला र पुरुष) लाई तालिम दिइएको थियो । यसमध्ये ५० प्रतिशतले रोजगारी पाएका छन् । नमूना फाईल तथा झोला उद्योगमा मात्रै २५ जना महिला संलग्न छन् । यस्तै वरपिपल दुना टपरी उद्योगले नगरपालिका क्षेत्रका ४० भन्दा बढि महिलालाई रोजगारी दिएको छ ।

कमलामाई नगरपालिकामा रहेका मुख्य वजारहरुमा माडीबजार वडा नं. ६, धुरा वजार, ढुग्रेवास, भद्रकाली वडा नं. २, भिमान बजार वडा नं. ९, मिलनचोक, बिद्युतचोक तथा शान्तीनगर रहेका छन् । यी बजारहरुमा होटल व्यवसाय, किराना पसल, फलपूल तथा तरकारी, माछामासु पसल, कुटानी पिसानी मिल जस्ता क्षेत्रहरुमा युवा रोजगारीको सम्भावना रहेको छ ।

सिन्धुली उद्योग वाणिज्य महासंघका अनुसार ११०० सदस्य रहेको यस संघमा ७५ प्रतिशत स्थानीय व्यापारी रहेका छन् । तर यसवाट उल्लेख्य रोजगारी सृजना हुन सकेको अवस्था छैन । तथापि यस्ता कार्यहरु संचालन गरी युवाहरु स्वरोजगार वन्न सक्ने विश्वास गरिएको छ । स्थानीय व्यवसायीहरुका अनुसार यहा जुनार प्रशोधन, मासु प्रशोधन तथा दुध र दुग्ध उत्पादन उद्योग संचालन गर्न सकिने सम्भावना छ । यस्ता उद्योगहरुले युवा वर्गको लागि रोजगारीको अवसर सृजना गर्न सक्दछन् । नगरपालिकाको क्षेत्र भित्र पर्ने ऐतिहासिक सिन्धुलीगढी क्षेत्रको संरक्षण तथा विकास गरी पर्यटनको प्रवर्द्धन गर्न सकिने सम्भावना छ । यसवाट नयाँ रोजगारीका अवसर थपिनका साथै आन्तरिक आय समेत वढ्नेछ । जिल्लामा स्वीस संरकारको सहयोगमा संम्बृद्धि परियोजना संचालन भएको छ । यसले बैदेशिक रोजगारीवाट फर्केका युवालाई बैदेशिक रोजगारीमा पर्ने असुविधा र जोखिमहरुवारे समूदायलाई जानकारी गराई युवाहरुलाई स्थानीयस्तरमै स्वरोजगार वन्न प्रेरित गरेकोछ ।

पछिल्लो समयमा भएको राज्य पुनर्संरचना अनुसार सूचना पद्धति व्यवस्थित हुन नसक्दा अध्ययन गरिएका नगरपालिकाहरुमा कतिजना युवाले हाल रोजगारी प्राप्त गरेका छन् भनी एकिन गर्न कठिन भएको छ । तथापि अध्ययनको क्रममा प्राप्त सूचना अनुसार कमलामाई नगरपालिकामा ६९०१ जना रोजगार रहेका छन् । यसमध्ये करिव ६५ प्रतिशत (४,४८६ जना) युवा रहेको अनुमान गरिएको छ । कमलामाई नगरपालिकाको विद्यमान अवस्था हेर्दा कुल युवा जनसंख्या मध्ये करिव २७.१९ प्रतिशत रोजगारीमा लागेको देखिएको छ । नगरपालिकाको ठूलो भूभाग कृषि तथा पशुपालनका लागि योग्य भए तापनि युवापुस्ताले यसमा चासो नराखेको देखिन्छ । वरु वैदेशिक रोजगारी तर्फ युवाको आकर्षण वढेको छ ।

कमलामाई र पनौति नगरपालिकाको क्षेत्रगत रोजगारी, २०७५




प्लम्बिङ र इलेक्ट्रीसियन क्षेत्रमा राम्रो रोजगारी देखिन्छ । यस कार्यमा स्थानीय युवा भन्दा तराईवासी नेपालीहरुको आकर्षण वढी देखिएको छ । नगरपालिका भित्र निजी वा व्यावसायिक घर/भवन वनाउन ठेकेदारले निमार्ण सामाग्री र कामदार तराईवाटनै ल्याउने गरेको देखिन्छ । केहि स्थानीय युवाहरु भने अदक्ष मजदुरको काम गर्दै आएका छन् । तर बिगत केही समयदेखि नयाँ घर बन्नेक्रम बढेको गाउँहरुमा विजुली पुगेको कारणले गर्दा र खुल्ला दिशामूक्त क्षेत्र वनाउने अभियान चलेका कारण पनि प्लम्विङ र हाउस वाईरिडको कामको लागि दक्ष जनशक्तिको माग बढेको छ । यसै कुरालाई ध्यानमा राखेर घरेलु तथा साना उद्योग विकास समितिले गएका ३ बर्षहरुमा मात्रै ६० जनालाई प्लम्बिङ र ८० जनालाई हाउस वाईरिडको तालिम दिएको छ । यसमध्ये २५ जना प्लम्वर र ६० जना इलेक्ट्रीसियन स्थानीयस्तरमा स्वरोजगार भएका छन् भने बाँकि बैदेशिक रोजगारीमा गएका छन् (तालिका नं.४) ।

**तालिका नं ४: कमलामाई नगरपालिकामा रहेको पेशागत रोजगारी विवरण**

| वडा नं. | कृषि | नोकरी | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०० | २०० | २५ | १०० | २०० | ० | २ | ४ | ४ | ४ | ८३९ |
| २ | २१० | १२५ | १० | २० | १९० | ० | २ | ४ | ४ | ४ | ५६९ |
| ३ | २०० | २३० | ५ | २० | २५ | ० | ० | १ | २ | २ | ४८५ |
| ४ | १०० | १०० | २५ | ५० | ५० | ५ | ११ | १८ | १६ | ९ | ३८४ |
| ५ | १२० | २१० | ३५ | ८० | ५० | ३ | १२ | १२ | २८ | १२ | ५६२ |
| ६ | १२५ | २२५ | ३० | १०० | ६० | ५ | ११ | १२ | २२ | १६ | ६०६ |
| ७ | १३० | ९५ | १० | ४९ | १०० | ३ | ४ | १० | १२ | १३ | ४२६ |
| ८ | १४५ | ५८ | ११ | ५५ | ११० | ४ | २ | ९ | १० | ७ | ४११ |
| ९ | १५० | ९९ | १९ | १०० | १२५ | २ | ३ | ७ | १३ | ६ | ५२४ |
| १० | १४७ | ८५ | १० | ४५ | ११५ | ३ | ४ | ७ | १२ | ९ | ४३७ |
| ११ | ४०० | २९ | ५ | १९ | ६९ | ० | ५ | ११ | १३ | २१ | ५७२ |
| १२ | ३०० | ४५ | ८ | २५ | १९ | ० | २ | ७ | २० | ४ | ४३० |
| १३ | २०० | ४० | २ | १२ | ३२ | ० | १ | ६ | ११ | ३ | ३०७ |
| १४ | २२५ | ४१ | १ | १८ | ४० | ० | १ | ३ | १४ | ६ | ३४९ |
| जम्मा | २७५२ | १५८२ | १९६ | ६९३ | ११८५ | २५ | ६० | १११ | १८१ | ११६ | ६९०१ |

| वडा नं. | कृषि | नोकरी | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्रोत: नगरपालिकामा भएको जनप्रतिनिधि र लक्षित समुह छलफल, २०७४ | | | | | | | | | | | |

पनौती नगरपालिका अहिलेको अवस्थामा शहरी भाग थोरै ग्रामिण भाग धेरै भएको स्वरुपमा छ । शहरीकरणका नाममा आधुनिक कंक्रिट आवास आफूखुसी बनाउने बाहेक शहरी पूर्वाधार विकासमा नगरवासीमा चेतना को अभाव छ जसले गर्दा मेरो सुन्दर घर भन्दा हाम्रो कुरुप बस्ति/शहर हुदैगएको छ । फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा संम्पदा संरक्षणको काम पनि विदेशी परियोजनाको रुपमा रहेको छ । यस्तो बिषम परिस्थितिमा नगरपालिकाको आवश्यकतालाई लक्षित गरि रोजगारीमूलक कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।



सन् १९९० वाट फ्रान्स सरकारको सहयोगमा सुरु भएको पनौती विकास परियोजनाले ऐतिहासिक सम्पदा को संरक्षण तथा स्थानीयको आय आर्जनका लागि विभिन्न क्रियाकलाप संचालन गरी प्राविधिक सहयोग गरेको थियो । यसका अतिरिक्त मुलुकको तेश्रो जलविद्युत उत्पादन क्षेत्र खोपासी र रेशम खेती विकास कार्यक्रमले यस क्षेत्रमा आर्थिक चहलपहत तथा प्रविधि विकास र हस्तान्तरण गरेकाले युवा रोजगारीको अवसर सृजना गरेको छ ।

जिल्ला घरेलु तथा साना उद्योग कार्यालय काभ्रेको आ व २०७३/०७४ को प्रतिवेदन र लक्षित वर्ग छलफलका सहभागिहरुले वताए अनुसार जिल्लामा विभिन्न १४ किसिमका सीपमूलक तालिमहरु संचालन गरि २१० जनालाई तालिम दिइएको थियो । यस्तै उद्योग वाणिज्य संघ, धुलिखेल र घरेलु तथा साना उद्योग कार्यालयले बिद्युत जडान सम्बन्धी तालिमको आयोजना गरि ३५ जनालाई सीप सिकाएका थिए । तालिमका सहभागिहरु मध्ये महिला युवाहरुहरु सिलाई कटाई, ब्यूटीपार्लर, ढाका बुनाई, क्रिष्टल गहना वनाउने, इम्ब्रोईडरी, दालमोठ बनाउने जस्ता उद्यम व्यवसायमा संलग्न भएका छन् ।

स्थानीय जनप्रतिनिधिहरुका अनुसार पनौती नगरपालिका धार्मिक तथा प्राकृतिक पर्यटन तथा कृषि विकासको प्रमुख नमूना नगर हुनसक्छ । यहांको सुर्योदय र सूर्यास्त लाई पछयाउन सकिने लामाडोल, वादले जंगल (cloud forest) को नामले परिचित फूलचोकी वन, प्याराग्लाईडिङको संभावना रहेको छ । गुर्दुमडांडा, पर्यटकीय बल्थली र ट्राउट माछामा आत्मनिर्भर वन्दै गएको छ । यसका अतिरिक्त सुन्दर नगर बिस्तार तथा उत्पादनमूलक कलकारखानाले यहांको जनजीवनमा आर्थिक संम्बृद्धि हासिल हुने सम्भावना छ । यी क्षेत्रहरुमा युवा रोजगारीको अवसर रहेको छ ।

नगरपालिकाका निर्वाचित पदाधिकारी (प्रमुख, उपप्रमुख र वडा अध्यक्ष) र विषयगत कर्मचारीहरुसंग गरिएको लक्षित वर्ग छलफलका आधारमा पनौती नगरपालिकाको युवा रोजगारीको अवस्था अनुमान गरिएको छ । यसलाई आधार मान्ने हो भने यस नगरपालिकामा करिव २४ प्रतिशत युवाहरु रोजगार भएको देखिन्छ । अन्य केही आसिंक रोजगारीमा रहेका छन् भने केही वैदेशिक रोजगारीमा समेत गएका छन् ।

पनौती नगरपालिकामा कृषि क्षेत्रले सबैभन्दा वढी रोजगारी दिएको छ । यो रोजगारी कतिपय अवस्थामा आंशिक वा मौसमी पनि हुन सक्दछ । तथापि कृषिको व्यवासायिकरणका लागि आधारहरु देखिएको हुदा यस क्षेत्रले थप रोजगारी सृजना गर्न सक्दछ । हाल उद्योग, व्यापारको क्षेत्रमा ११०० जनाले रोजगारी पाएका छन् भने प्लम्विङमा न्यून मात्र रोजगार भएका छन् (तालिका नं ५) ।

**तालिका नं ५: पनौती नगरपालिकामा रहेको पेशागत रोजगारी विवरण**

| वडा नं. | कृषि | नोकरी | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०० | १०० | १० | ३० | ७५ | ० | ५ | १० | १० | १५ | ३५५ |
| २ | १२५ | ५० | ५ | ३५ | १०० | ० | ५ | ५ | १० | १८ | ३५३ |
| ३ | ९५ | ३५ | १२ | २७ | ६८ | ० | ३ | ११ | १२ | १० | २७३ |
| ४ | ८७ | ६९ | १४ | ३५ | ७२ | १ | ३ | १० | १३ | ९ | ३१३ |
| ५ | १०१ | ८५ | ९ | ४२ | ८१ | १ | ४ | ९ | ११ | ११ | ३५४ |
| ६ | ७० | ७२ | ७ | ३६ | ७९ | १ | ३ | ७ | ९ | १२ | २९६ |
| ७ | ५० | १५० | १५ | ५०० | ५० | ० | २५ | ६० | ३२५ | ५० | १२२५ |
| ८ | ६० | ७२ | ५ | १०५ | ७० | ० | ८ | २१ | २९ | २६ | ३९६ |
| ९ | ८२ | ७० | ७ | ८७ | ६३ | ० | १४ | २६ | २५ | १९ | ३९३ |
| १० | १०९ | ४५ | ११ | ४४ | ७९ | ० | ७ | ४ | १९ | १८ | ३३६ |
| ११ | ३०० | ३८ | ९ | २८ | १३६ | ० | ४ | १३ | २८ | २० | ५७६ |
| १२ | २९५ | ३७ | ६ | २१ | १३७ | ० | ३ | १९ | २२ | १७ | ५५७ |
| **जम्मा** | **१४७४** | **८२३** | **११०** | **९९०** | **१०१०** | **३** | **८४** | **१९५** | **५१३** | **२२५** | **५४२७** |

*स्रोत: नगरपालिकामा भएको जनप्रतिनिधि र लक्षित समुह छलफल, २०७४*

प्राप्त जानकारी अनुसार रोजगार जनसंख्या मध्ये अधिकतम् (४६ प्रतिशत) रोजगारी कृषि क्षेत्रवाट प्राप्त भएको छ । यस्तै सिकर्मी/डकर्मीमा १३ प्रतिशत रोजगार भएको देखिन्छ । हाल भुकम्प पश्चातको पुनःनिर्माणका कारण पनि यो संख्या वढी देखिएको हो । यस्तै प्लम्विङ र ईलेक्ट्रिसियनका क्षेत्रमा करिव २ प्रतिशतले रोजगारी पाएको देखिन्छ ।

## ४.२ प्लम्विङ्ग र ईलेक्ट्रिसियन क्षेत्रको रोजगारी


### ४.२.१ विद्यमान अवस्था

अध्ययनको सिलसिलामा पनौती र कमलामाई नगरपालिकाको स्थलगत भ्रमण तथा स्थानीय सरोकारवालासंगको अन्तरक्रियावाट प्राप्त जानकारी अनुसार यहाँ साना शहरकिरण तथा भूकम्प पश्चातको पुनःनिर्माणको कार्यले तिव्रता लिएको छ। यसले गर्दा ठूलो संख्यामा दक्ष तथा अदक्ष कामदारको माग वढेको छ । भूकम्प पछिको पुनःनिर्माण अन्तर्गत कमलामाई नगरपालिकाका मात्र करिब ७४०८ निजी घर, कयौं सामुदायिक/सामाजिक भवन, विद्यालय तथा कार्यालय लगायतका भवनहरु बन्ने क्रममा रहेका छन् । यसको लागि धेरै जनशक्ति आवश्यक छ, तर स्थानीयस्तरमा यस्तो जनशक्ति आवश्यक मात्रामा उपलब्ध छैन । हाल एउटै ठेकेदारले १३ वटा भन्दा बढि घरको काम एकैपटक जिम्मा लिएको देखिएको छ । पनौतीमा पनि यस्तै अवस्था छ । दुबै नगरपालिकामा यस काम प्रति स्थानीय युवाहरुको आकर्षण न्यून रहेको छ । त्यसैले प्लम्विङ, ईलेक्ट्रिसियन लगायत सिकर्मी, डकर्मी जस्ता सीपमूलक कार्यहरुका लागि नेपालको तराई-मधेश तथा छिमेकी मुलुक भारतवाट आएका कामदार नै रोजाईमा पर्ने गरेका छन् । यस्ता कामदार समेत आवश्यक मात्रामा छैनन् । यसवाट आगामी दिनमा प्लम्बिड र इलेक्टिसियन क्षेत्रमा थप हुन सक्ने रोजगारीको आकंलन गर्न सकिन्छ ।

प्लम्बिड र इलेक्ट्रीसिन जस्तो काम नयाँ निर्माणमा मात्र नभएर निरंन्तर मर्मत सम्भारसंग पनि जोडिएको हुनाले यसलाई दीगो रोजगारीको क्षेत्रका रुपमा लिन सकिन्छ। युरोपका शहरहरुको सेवा नियमन निकायको जनशक्तिलाई आधार मान्दा प्रति १०० घरका लागि कम्तिमा एक जना ईलेक्ट्रिसियन र एक जना प्लम्बर नियमित मर्मत सम्भारको लागि आवश्यक हुन्छ । यसैलाई आधार मानी हेर्दा कमलामाई र पनौती नगरपालिकामा २५६ जना ईलेक्ट्रिसीयन र प्लम्वरले पूर्णकालिन रोजगारी प्राप्त गर्न सक्नेछन् । हाम्रो परिवेशमा ५०० घरका लागि एक जना मात्र हिसाव गर्दा पनि ५३ जना ईलेक्ट्रिसीयन र ५३ जना प्लम्वर हुन आउछ । हाल कमलामाईमा ३५ जना र पनौतीमा १५ जना प्लम्बर र २२ देखि २६ जना मात्र इलेक्ट्रिसियन रहेको अवस्था छ। दुबै नगरपालिकामा कार्यालय र घरेलु प्रयोजनका लागि समेत जनशक्ति अभाव रहेको स्थानीय नागरिकहरुको गुनासो छ। त्यसैले यो क्षेत्रमा कामगर्ने दक्ष जनशक्ति उत्पादन गर्न प्राथमिकता दिनु आवश्यक छ । यस अवसरको सही सदुपयोग गर्न दक्ष जनशक्ति उत्पादन र स्थानीय युवाहरुको सीप विकासको लागि स्तरीय पूर्वाधार सहितको प्रशिक्षण केन्द्र संचालन गरी बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्नु पर्दछ ।

### ४.२.२ अगामी ३ वर्षको रोजगारी प्रक्षेपण

भुकम्प पश्चातको पुन:निर्मार्णले नयाँ रोजगारीका अवसर ल्याएको छ। बिशेष गरेर प्लम्बिङ र इलेक्ट्रीसियन सम्बन्धी कामको माग ज्यादै बढेको छ। कमलामाई नगरपालिकामा मात्र ७४०८ घर पुन:निर्माण गर्नुपर्ने देखिन्छ । यसमध्ये हाल ६६९५ नयाँ घर वनाउने प्रक्रिया शुरु भएको छ । यसैले यहा प्लम्विङ र इलेक्ट्रीसियनको माग वढेको हो । आउदो २ देखि ३ बर्ष सम्म पुन:निमार्णको कार्यका लागि मात्र अहिलेको तुलनामा दोब्बर भन्दा वढी दक्ष कामदारको आवश्यकता पर्दछ। भुकम्प पछि पुन:निर्माण गर्नुपर्ने घरको संख्या र प्रति घरको लागि आवश्यक पर्ने श्रम दिनलाई आधार मानी प्लम्विङ र इलेक्ट्रीसियनका क्षेत्रमा हुने रोजगारीको प्रक्षेपण गरिएको छ ।




सामान्यतया प्रति एकतले घरमा प्लम्वरको काम ३ दिन र हाउस वायरिङ्गको काम ७ दिनमा सम्पन्न हुन्छ भन्ने मान्यताका आधारमा यो प्रक्षेपण गरिएको छ । यसरी हेर्दा कमलामाई नगरपालिकामा ईलेक्ट्रिसियन ५१,८५६ व्यक्ति दिन र प्लम्वर २२,२२४ व्यक्ति दिनको आवश्यकता पर्ने देखिन्छ। यसलाई ३६५ दिनले भाग गर्दा कमलामाई नगरपालिकामा १४२ जना ईलेक्ट्रिसियन र ६१ जना प्लम्वरको आवश्यकता पर्ने देखिन्छ (तालिका नं. ६) । निजी घरका अलाव सरकारी तथा सामूदायिक गरी कमलामाई नगरपालिकामा करिव ४० वटा पनौती नगरपालिकामा करिव २५ वटा भवनहरु निर्माण गर्नुपर्ने नगरपालिकाले वताएको छ। यसवाट थप रोजगारी सृजना हुन सक्छ तर यसरी प्राप्त हुन सक्ने रोजगारी संख्या यस प्रतिवेदनमा समावेश गरिएको छैन ।

**तालिका नं ६: आगामी ३ वर्षमा कमलामाई नगरपालिकामा ईलेक्ट्रिसियन र प्लम्विङ मा प्राप्त हुन सक्ने रोजगारी**

| वडा नं | जम्मा घर संख्या | पुन:निर्माण हुने घर संख्या | काम सम्पन्न लाग्ने श्रम दिन | | युवा रोजगार हुने संख्या (जना) | |
|---|---|---|---|---|---|---|
| | | | ईलेक्ट्रिसियन | प्लम्विङ | ईलेक्ट्रिसियन | प्लम्विङ |
| १ | ११८६ | ७२१ | ५०४७ | २१६३ | १४ | ६ |
| २ | १०६५ | ७४० | ५१८० | २२२० | १४ | ६ |
| ३ | ४९५ | ३८५ | २६९५ | ११५५ | ७ | ३ |
| ४ | १५९५ | १०५९ | ७४१३ | ३१७७ | २० | ९ |
| ५ | १५३६ | ६२७ | ४३८९ | १८८१ | १२ | ५ |
| ६ | २०४८ | ५५७ | ३८९९ | १६७१ | ११ | ५ |
| ७ | १४३१ | ६१५ | ४३०५ | १८४५ | १२ | ५ |
| ८ | ९९४ | ६४७ | ४५२९ | १९४१ | १२ | ५ |
| ९ | ११६६ | ३५० | २४५० | १०५० | ७ | ३ |
| १० | ९११ | ४७० | ३२९० | १४१० | ९ | ४ |
| ११ | ९७२ | ६१४ | ४२९८ | १८४२ | १२ | ५ |
| १२ | ९९४ | ४०० | २८०० | १२०० | ८ | ३ |

| वडा नं | जम्मा घर संख्या | पुन:निर्माण हुने घर संख्या | काम सम्पन्न लाग्ने श्रम दिन | | युवा रोजगार हुने संख्या (जना) | |
|---|---|---|---|---|---|---|
| | | | ईलेक्ट्रिसियन | प्लम्बिङ | ईलेक्ट्रिसियन | प्लम्बिङ |
| १३ | ५२८ | ६८ | ४७६ | २०४ | १ | १ |
| १४ | ७३८ | १५५ | १०८५ | ४६५ | ३ | १ |
| **जम्मा** | **१५६५९** | **७४०८** | **५१८५६** | **२२२२४** | **१४२** | **६१** |

*स्रोत: जिल्ला तथ्यांक कार्यालय, २०७४, भुकम्प प्रभावित आवास पून:निर्माण लगत संकलन कार्यक्रम वाट प्राप्त सूचना र कमलामाई नगरपालिकामा भएको वडागत छलफलका आधारमा प्रक्षेपण गरिएको*

निर्माण हुने घरको संख्याको आधारमा हेर्दा कमलामाई भन्दा पनौती नगरपालिकामा ईलेक्ट्रिसियन र प्लम्वरको माग वढि देखिन्छ। प्राप्त विवरण विश्लेषण गर्दा भूकम्प पश्चातको पुन:निर्माणको लागि पनौती नगरपालिकामा १४९ जना ईलेक्ट्रिसियन र ६५ जना प्लम्वर आवश्यक पर्ने देखिन्छ (तालिका नं.७)।

**तालिका नं ७: आगामी ३ वर्षमा पनौती नगरपालिकामा ईलेक्ट्रिसियन र प्लम्विङ मा प्राप्त हुन सक्ने रोजगारी**

| वडा नं | जम्मा घर संख्या | पुन:निर्माण हुने घर संख्या | काम सम्पन्न लाग्ने श्रम दिन | | युवा रोजगार हुने संख्या (जना) | |
|---|---|---|---|---|---|---|
| | | | ईलेक्ट्रिसियन | प्लम्विङ | ईलेक्ट्रिसियन | प्लम्विङ |
| १ | ११२७ | ११०३ | ७७२१ | ३३०९ | २१ | ९ |
| २ | ९६१ | ८०० | ५६०० | २४०० | १५ | ७ |
| ३ | १००४ | ८०६ | ५६४२ | २४१८ | १५ | ७ |
| ४ | १०६४ | ८०३ | ५६२१ | २४०९ | १५ | ७ |
| ५ | १०१० | ६०७ | ४२४९ | १८२१ | १२ | ५ |
| ६ | ५४५ | ३०४ | २१२८ | ९१२ | ६ | २ |
| ७ | १०१० | ४३८ | ३०६६ | १३१४ | ८ | ४ |
| ८ | ८११ | ५६७ | ३९६९ | १७०१ | ११ | ५ |
| ९ | १०७६ | ७७० | ५३९० | २३१० | १५ | ६ |
| १० | ९०७ | ४५८ | ३२०६ | १३७४ | ९ | ४ |
| ११ | ५६७ | ५४६ | ३८२२ | १६३८ | १० | ४ |
| १२ | ७९४ | ६४० | ४४८० | १९२० | १२ | ५ |
| **जम्मा** | **१०८७६** | **७८४२** | **५४८९४** | **२३५२६** | १४९ | ६५ |

*स्रोत: जिल्ला तथ्यांक कार्यालय, २०७४, भुकम्प प्रभावित आवास पून:निर्माण लगत संकलन कार्यक्रम वाट प्राप्त सूचना र पनौती नगरपालिकामा भएको वडागत छलफलका आधारमा प्रक्षेपण गरिएको*

कमलामाईमा बलियोघर कार्यक्रम अन्तरगत २५०० लाई डकर्मी तथा ३०० जनालाई सिकर्मी तालिमको आयोजना भईरहेको छ। जिल्ला युवा समितिले राष्ट्रिय युवा परिषद्मा स्वरोजगारीका लागि ४० युवालाई अनुदान सहितको तालिमको माग पठाएको जनाएको छ । प्राप्त सूचनालाई आधार मानी १० वटा रोजगारीका सम्भाव्य क्षेत्रलाई दृष्टिगत गर्दा आगामी तीनबर्षमा कमलामाई नगरपालिकामा ७२८२ जना र पनौती नगरपालिकामा ५९८९ जना युवाले रोजगारी प्राप्त गर्ने देखिन्छ। यस सम्वन्धी विस्तृत विवरण अनुसूची २ मा दिइएको छ। यो संख्या हालको रोजगारीको तुलनामा ९४३ (कमलामाई ३८१ र पनौती

५६२) जना वढी हो । यसरी छनौटमा परेका नगरपालिकाहरुको आगामी ३ वर्षको रोजगारी वृद्धिदर ७.६५ प्रतिशत हुने अनुमान गरिएको छ ।

## ४.३ वैदेशिक रोजगारी

नेपालमा आन्तरिक रोजगारका अवसरहरु न्यून रहेको हुदा वैदेशिक रोजगारी प्रति नेपाली युवाहरुको आकर्षण वढेको छ । विदेशमा गई काम गर्दा आकर्षक कमाई हुन्छ भन्ने धारणाले पनि वैदेशिक रोजगारमा जानेको संख्या बढ्दोछ । नेपालीहरु हरेक दिन करिव १५०० को हाराहारीमा वैदेशिक रोजगारीका लागि देश वाहिर जाने गरेको अभिलेखबाट देखिन्छ । यी मध्ये महिलाहरुको संख्या करिव १० प्रतिशत रहेको छ । यसरी जाने श्रमिकहरु युवाहरुनै हुन् । संस्थागत रुपमा वैदेशिक रोजगारका लागि सरकारले ११० वटा मूलुकहरु खुला गरेको छ । आ.व.२०७१/०७२ को आकँडा अनुसार वैदेशिक रोजगारीमा जाने कूल जनसंख्या ३२,०१,२६८ मध्ये पुरुष ३०,६५,४६२ जना तथा महिला १,३५,८०६ जना रहेका छन् । यसरी जाने कामदारहरुमध्ये ७५ प्रतिशत अदक्ष, २३ प्रतिशत अधर्दक्ष र २ प्रतिशत मात्रै दक्ष जनशक्ति रहेका छन् । आ.व. २०६७/०६८ मा वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या, ३,५४,७१६ रहेकोमा आ.व. २०७१/७२ मा ५,१२, ८८७ जना पुगेको देखिन्छ । यसरी नेपाली युवाहरु वैदेशिक रोजगारीमा जान थालेको र आ.व. ०७२/०७३ को चैत्र मसान्तसम्ममा स्वीकृति लिनेहरुको संख्या ४५,८३,६४३ पुगेको अभिलेखवाट देखिन्छ[2] । झण्डै यतिकै हाराहारीमा अभिलेख नभएका श्रमिकहरु विदेश गएको अनुमान गरिएको छ । यस्ता वर्गमा अधिकांश भारत र केही अन्य मुलूकमा गएको अनुमान छ । श्रम ऐन २०४२ जारी भएपछिनै संस्थागत रुपमा नेपालवाट श्रमिकहरु बैदेशिक रोजगारीको लागि जान थालेका हुन् । दश वर्षे द्वन्द्व कालमा रोजगारी तथा सुरक्षाको हिसावले युवाहरु विदेशिने प्रबृत्ति बढेको देखिन्छ । सन् २००२ मा UNFIM ले गरेको अध्ययन अनुसार बैदेशिक रोजगारीका लागि भारत वाहेक अन्य मुलुकहरुमा जाने नेपालीको संख्या झण्डै १० लाखको हाराहारीमा थियो । हाल यो संख्या झण्डै ४० लाखको हाराहारीमा रहेको सरकारी आकडा छ (गत आम निर्वाचनमा विदेशमा बस्ने नेपाली नागरिकले मतदान गर्न पाउनुपर्ने आवाज संगै यो संख्या सार्वजनिक भएको हो) ।

अध्ययन गरिएका नगरपालिकाहरुमा पनि बैदेशिक रोजगारीनै युवाको रोजाईमा परेको छ । जिल्ला प्रशासन कार्यालय सिन्धुलीका अनुसार दैनिक सरदर २५ देखि ३० जनाले बैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि राहदानीको लागि निवेदन बुझाउने गरेका छन् । बैदेशिक रोजगारीमा जानेलाई सुरक्षित आप्रवासन संम्बन्धी अनुशिक्षण दिने कामगर्दै आएको SAMI Project सिन्धुली मार्फत बैदेशिक रोजगारीको आधारभूत सूचना पाएको व्यक्ति भनि सिफारिस भएको व्यक्तिको मात्र राहदानी वनाउने फाराम दर्ता गर्ने प्रबन्ध मिलाईएको हुदा यस सम्वन्धी सूचना व्यवस्थित गरिएको छ । SAMI Project सिन्धुलीका अनुसार श्रमका लागि खाडी मुलुक र मलेसिया जानेको युवाहरुको संख्या पनौती नगरपालिकाको तुलनामा सिन्धुलीको धेरै छ । आफ्नो व्यवसायीक सीप विकास गरी प्रतिस्पर्धि काममा लाग्न नसक्दा समेत यस्तो भएको हो । यसैले स्थानीय सरकारहरुले यस बिषयमा प्रदेश तथा संघीय सरकारको सहयोगमा युवा रोजगार नीति लाई अभियानका रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ४.४ आप्रवासी कामदार

---

[2] *श्रम तथा रोजगार, बुलेटीन, अंक १२, श्रम तथा रोजगार मन्त्रालय, २०७३/७४*

नेपालमा रोजगारीको अवसर कम भएको भन्दै नेपाली युवा कामको खोजीमा विदेश जाने क्रम वढेको छ । अर्कोतिर नेपालमा आप्रवासी कामदारको संख्या समेत प्रशस्त रहेको अनुमान गरिएको छ । आप्रवासी मध्ये अधिकांश कामदार छिमेकी मुलुक भारतवाट आएका छन् । अध्ययन गरिएका नगरपालिकाहरुमा हाल कति आप्रवासी कामदार कार्यरत छन् भन्ने आधिकारिक सूचना छैन । कमलामाई र पनौती नगरपालिकाका स्थानीयहरुको भनाईमा यहाँका कूल कामदार मध्ये करिव ६५ प्रतिशत कामदार भारतका विभिन्न ठाउँवाट आएका छन् । यस्ता कामदारहरु खासगरी भूकम्प पश्चातको पुनःनिर्माणमा संलग्न छन् । प्राप्त जानकारी अनुसार अधिकांश आप्रवासी कामदारहरु दक्ष जनशक्तिको रुपमा रहेका छन् भने स्थानीय युवा अदक्ष ज्यामी कामदारको रुपमा कार्यरत छन् । कमलामाई र पनौती नगरपालिका क्षेत्रमा मात्र १५,२५० निजी घरहरु निर्माण हुदैछन् । यसका लागि दक्ष कामदार खासगरी डकर्मी, सिकर्मी मध्ये झण्डै ७० प्रतिशत कामदार आप्रवासी रहेको स्थानीयको अनुमान छ । यस्तै प्लम्विङ र ईलेक्ट्रिसियन सम्बन्धी दक्ष कामदार मध्ये करिव ४० प्रतिशत कामदार भारतीय छन् भन्ने अनुमान छ । वडागत हिसावमा हेर्दा कमलामाई नगरपालिकाको वडा नं. १, २ र ४ तथा पनौती नगरपालिकाको वडा नं. १, ३, ४ र ७ मा धेरै आप्रवासी कामदार रहेको अनुमान छ ।  यस आधारमा हेर्दा स्थानीय युवालाई सीपमूलक तालिम दिई दक्ष जनशक्ति विकास गर्न सक्दा युवा रोजगारीमा वृद्धि हुन सक्दछ ।

# ५. युवा रोजगारीको अवसर, सम्भावना र चुनौती

## ५.१ समग्र अवसर

नेपालको संविधानले स्थानीयस्तरको सूचना व्यवस्थापन, नीति निर्माण, योजना तर्जुमा, स्रोत परिचालन तथा योजना कार्यान्वयन र अनुगमन मूल्यांकन जस्ता कार्यहरु सम्पन्न गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यसले स्थानीय आवश्यकता पहिचान गरी सोही अनुरुप समस्या समाधानको उपयुक्त विधि निर्धारण गर्ने वातावरण सृजना भएको छ । निर्वाचित पदाधिकारीहरु मध्ये कतिपय पदाधिकारीहरु युवा उमेर समूहका छन् । यस्ता पदाधिकारीलाई युवाको समस्या, आवश्यकता र प्राथमिकताका वारेमा व्यवहारिक ज्ञान समेत छ । युवा परिचालन र रोजगारी सृजनाको लागि यो महत्वपूर्ण अवसर हो । स्थानीय तहहरुले तर्जुमा गर्ने कानून, नीति, योजना तथा कार्यक्रमहरुमा यस्ता विषयहरु समावेश गर्न सक्ने अवसर प्राप्त भएको छ ।

अध्ययन गरिएका दुवै नगरपालिकाहरु व्यावसायिक कृषिको लागि उपयुक्त अवसर भएका स्थानहरु हुन् । कमलामाई नगरपालिका क्षेत्रमा मौसमी तथा बेमौसमी दुवै किसिमका तरकारी खेती गर्न सकिने सम्भावना देखिन्छ । सिन्धुली जिल्लाका अन्य गाउँ/नगरपालिकाहरु व्यावसायिक कृषि पकेट क्षेत्रका रुपमा विकास हुदै गरेका छन् । कमलामाई नगरक्षेत्रका युवाहरुले यसवाट फाइदा लिन सक्दछन् । यहा तरकारीका अलावा फलफूल, अदुवा, दुध तथा मासुको समेत उत्पादन हुने क्षेत्रहरु रहेका छन् । यस्तै पनौती नगर क्षेत्रमा दुग्धजन्य उत्पादनको प्रचुर सम्भावना रहेको भनाई सम्बन्धित विज्ञहरुको समेत रहेको हुदा यस सम्बन्धी व्यवसाय संचालन गरी युवावर्गले रोजगारी सृजना गर्न सक्दछन् ।

पनौती नगरपालिकाले विकासको मुख्य आधार कृषि र पर्यटन भन्ने नाराका साथ यहाँ पर्यटन उद्योग व्यवसाय जस्तै होमस्टे, ट्रेकिङ्ग, हाइकिङ्ग आदिमा रोजगारीको सम्भावना छ । नेपालको पुराना सहरहरु मध्ये एक पनौती सहर र त्यसमा रहेको पुरानो इन्द्रेश्वर महादेवको मन्दिर र बाह्रवर्षे पनौती मेला पर्यटन विकास तथा रोजगारीको अवसरको रुपमा रहेको छ । राजधानी नजिक हुनु र उत्पादित सामानको विक्री

वितरण गर्न बजार सजिलै उपलब्ध हुने भएकाले थप रोजगारी सृजना हुने अवसर देखिन्छ । यसरी नै विदेशबाट व्यवसायिक कृषि उत्पादन सीप सिकेर फर्केका युवाहरुले गरिरहेको व्यवसायिक खेती र त्यसको देखासिकी गरी अरु युवाहरु रोजगारी हुने अवसर छ ।

लघु तथा घरेलु उद्यम युवा रोजगारीको लागि अर्को अवसर हो । स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरी लघु उद्यम संचालन गर्न सकिने सम्भावना रहेको छ । यसवाट युवा वर्गले रोजगारी पाउन सक्दछन् । सिन्धुली जिल्लाको जुनार खेती नेपालभर प्रसिद्ध छ । यहाँ हाल जुनारका विरुवा उत्पादन गर्ने नर्सरी स्थापना, व्यावसायिक जुनार खेती र जुनारको जुस बनाउने उद्यम/कारखाना समेत संचालन भैरहेकोले यसलाई अझ व्यवसायीकरण गरेर सहकारी मार्फत व्यवस्थापन गर्ने कार्यले युवाहरुमा स्वरोजगार हुने र आय आर्जनमा टेवा पुग्ने भएकाले युवा रोजगारी बृद्धि गर्ने अवसर मिलेको छ ।

## ५.२ रोजगारीका सम्भावित क्षेत्रहरु/सम्भावना

<u>कमलामाईः</u>

- ऐतिहासिक सिन्धुलगिढी क्षेत्र यसै नगरपालिकामा परेकोले यहा पर्यटनको विकासवाट प्रसस्त रोजगारीको अवसर सृजना हुनसक्ने देखिन्छ ।

- फलफूल, ताजा तरकारी, नगदेवाली तथा पशुपालन जस्ता कृषि व्यवसायलाई सम्मानजनक उद्यम, व्यवसायको रुपमा रुपमा विकास गर्न सके यसवाट प्रसस्त स्वरोजगारी सृजना हुन सक्छ । यो व्यवसाय आयमूलक तथा रोजगारीमूलक समेत हुने हुदा यसवाट नगरवासीको जीवनस्तरमा ठूलो परिर्वतन ल्याउन सकिन्छ ।

- भित्रि मधेश तथा पहाडी धरातल भएकोले यहाँ विविध हावापानी पाईन्छ । यहा धेरै जाडो पनि छैन र गर्मीपनि हुदैन । त्यसैले गर्दा तराईको गर्मीवाट बच्न जनकपुर, महोत्तरी तथा सर्लाहीका मानिसहरु आन्तरिक पर्यटकका रुपमा आउनसक्ने सभावना छ। आन्तरिक पर्यटनलाई व्यवसायिक रुपमा व्यवस्थित गरी संचालन गर्न सके युवाहरुका लागि थप रोजगारी प्राप्त हुन सक्छ ।

- बैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई उनीहरुले सिकेका सीप अनुसारको व्यवसाय संचालन गर्न प्राविधिक सहयोग र सरल सेवा उपलब्ध गराउन सकेमा विदेशवाट भित्रिएको पूँजी र प्रविधि परिचालन गरी स्थानीयस्तरमा उद्यम व्यवसाय संचालन गर्न सकिने सम्भावना देखिन्छ। यसवाट स्थानीयस्तरमा थप रोजगारी प्राप्त हुन सक्छ ।

- यहाँ विभिन्न सहकारी संस्थाहरु मार्फत स्थानीय पूँजी परिचालन हुने गरेकाले लगानीको वातावरण वनेको छ। युवाहरुको लागि क्षमता अभिबृद्धिका तालिम तथा अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु आयोजना गरी सीप तथा उद्यमशिलता क्षमता विकास हुन्छ। यसवाट व्यवसाय विस्तार हुनाको साथै नयाँ रोजगारीका अवसर समेत सृजना हुन सक्दछ।

- कमलामाई नगरपालिका व्यापारिक तथा प्रशासनिक केन्द्रका रुपमा विकास हुदै गरेको छ। यहाँ बैक तथा वित्तिय संस्थाहरुको सेवा बढ्दो अवस्थामा छ । यसवाट सजिलै बैकिङ्ग सेवा समेत उपलब्ध हुने भएकाले नयाँ लगानी र थप रोजगारीको सम्भावना देखिएको छ ।

- जिल्लामा हालसम्म विभिन्न किसिमका ३१६२ घरेलु उद्योग दर्ता भएका छन् । यसमध्ये कुटानी पिसानी, फलफूल प्रसोधन, दुग्ध व्यवसाय, बाख्रापालन लगायत गरी २२५० उद्यमहरु चालु हातलमा छन् ।

- जिल्लामा विभिन्न संघ संस्था तथा निकायहरुवाट सीप विकासका लागि तालिम तथा प्राविधिक सहयोग सम्वन्धी कार्यक्रमहरु संचालन भएका छन् । यसवाट थप रोजगारी प्राप्त हुन सक्दछ । सिन्धुली जिल्लामा हाल झण्डै २५०० युवाहरुलाई सिकर्मी तालिम दिई रोजगार गराउन सकिने अवस्था छ ।

- कमलामाई नगरपालिकाले स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिले प्राथमिकता दिएका आधारमा युवाहरुलाई बैदेशिक रोजगारीमा जानवाट रोक्न र विदेशमा कामगरी सीप सहित फर्केका युवाहरुलाई स्थानीय स्तरमै स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहन स्वरुप थप अनुदान दिने योजना संचालन गर्न लागेको छ । नगरपालिकाको वडा नं ९ मा कृषि, व्यवसायिक तरकारी खेती तथा पशुपालन व्यवसायवाट महिला युवालाई रोजगारी तथा आय आर्जनको अवसर मिलेको मात्र छैन यसलाई अफ्र विस्तार गर्दै जाने अवस्था छ ।

- नगरपालिकाको वडा नं ७ बुध्दचोक क्षेत्र राजमार्ग आसपास रहेको नयाँबस्ती हो । यहाँ सातघरे, माफ्रीटोल, बुकाडाडा, ठूलीटार, रामपुर जस्ता साना बस्तीहरु पनि छन् जहां थोरैमात्र युवा बैदेशिक रोजगारीमा (करिव ३ प्रतिशत) गएका छन् । यहा भूकम्प पश्चातको पुनःनिर्माणको लागि प्लम्विङ र ईलेक्ट्रिसियन लगायत भवन निर्माण सम्बन्धि दक्ष श्रमिकको लागि रोजगारीको अवसर देखिन्छ । यहाँ करिव ७५ प्रतिशत जमिनमा सिंचाइ सुविधा छ त्यसैले व्यवसायिक कृषिमा समेत रोजगारी मिल्न सक्ने देखिन्छ । सामुहिक खेती प्रणाली र कृषि बजारीकरण सम्बन्धी क्षेत्रमा युवालाई तालिम प्रदान गरी थप रोजगारी सृजना गर्न सकिन्छ । काठ तथा बाँसमा आधारित हस्तकला उद्योगको पनि संभावना भएकोले यस्ता तालिमहरु युवालाई लक्षित गरी स्थानीय स्तरमा संचालन हुन सके विस्तारै युवाहरुलाई आकर्षित गर्न सकिने देखिन्छ ।

<u>पनौती</u>

- पनौती नगरक्षेत्रमा हाल होमस्टे संचालन भैरहेकोछ । यसलाई व्यवस्थित र व्यवसायिक तवरले संचालन गर्न सकेमा थप युवाहरु स्वरोजगार वन्न सक्ने सम्भावना छ ।

- यो नगरपालिका संघीय राजधानी काठमाडौंवाट नजिकको दुरीमा भएकोले जुनसुकै वस्तु उत्पादन गरे तापनि तुरुन्त बजार सम्म पुर्‍याउन सकिन्छ । कृषि उत्पादन (खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली), पशुपंक्षी (मासु, दूध, अण्डा) का लागि उपयुक्त हावापानी र उव्जाउ जमिन भएकाले यस क्षेत्रवाट थप रोजगारी सृजना गर्न सकिने सम्भावना देखिन्छ ।

- रोजगारका लागि विदेश गई उतावाट सीप र अनुभव सिकेर फर्केका केही युवाले प्रयोगात्मक रुपमा व्यवसायिक खेती प्रणाली शुरु गरेका छन् । यसवाट कृषिको व्यवसायीकरण भै थप रोजगारी प्राप्त हुन सक्ने सम्भावना देखिएको छ ।

- बैंक तथा वित्तीय संस्थाहरुको सेवा विस्तार भै यसमा स्थानीय युवाहरुको पहुँच बृद्धि भएको छ । यसवाट सानातिना उद्यम व्यवसाय संचालन गरी स्वरोजगार वन्न चाहनेहरुलाई वित्तीय सुविधा प्राप्त हुने गरेको छ । यसलाई विस्तार गर्दै जान सकेमा थप रोजगारको सम्भावना देखिन्छ ।

- यहाँ कृषि तथा पशु प्राविधिक सेवा सहज र सरल रुपमा उपलब्ध हुने गरेको स्थानीयहरुको भनाई रहेको छ । यसवाट कृषि सम्वन्धी व्यवसाय संचालन गरी स्वरोजगार वन्न चाहने युवाहरुको लागि सहज बातावरण वनेको छ । यस्तो सेवाको सही सदुपयोग गरी युवाहरु स्वरोजगार वन्न सक्नेछन् ।

- पनौती–चामखर–साँगासम्म पदयात्रा-पदमार्ग संचालन भएको छ। पर्यटकहरु पनौतीमा बास बसी विहान सवेरै चामखर डाँडाबाट सूर्योदयको मनोरम दृष्यावलोकन गर्न जाने भएकाले पर्यटन क्षेत्रमा रोजगारी वढ्ने सम्भावना छ।

- स्थानीयस्तरमा खुलेका सहकारी संस्थाहरुमध्ये करिव १७९ वटा सहकारी संस्था संचालनमा रहेका छन्। यस्ता सहकारी संस्थाहरुले दैनिक बचत संकलन देखि विभिन्न आयमूलक कार्यमा समेत लगानी गरेका छन्। यसवाट युवाहरुका लागि लगानीको वातावरण वनेकोले यहाँ स्वरोजगारको सम्भावना वढेको छ।

## ५.३ चुनौती

युवा रोजगारीका लागि प्राप्त अवसरका वावजुत यहाँ केही चुनौती समेत रहेका छन्। खासगरी प्राप्त अवसरलाई कसरी उपयोग गर्ने भन्ने नीति, रणनीति, विधि र प्रक्रिया अवलम्वन गर्ने कुरा चुनौतिकै रुपमा रहेको छ। यस्ता विषयहरुलाई नगरपालिकाको संस्थागत क्षमताले असर गर्न सक्छ। त्यसैले विद्यमान संविधान र स्थानीय सरकार संचालन ऐनले निर्धारण गरेका अधिकार र जिम्मेवारी पुरा गर्न स्थानीय तहमा निर्वाचित पदाधिकारी र नगरपालिकाको संस्थागत क्षमता विकास हुन अनिवार्य छ। यस्ता कार्यहरुमा समेत नगरपालिकाको लगानी आवश्यक छ। साथै संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुको प्राविधिक तथा आर्थिक सहयोग समेत आवश्यक पर्दछ। यसको व्यवस्थापन एक प्रमुख चुनौतीको रुपमा रहेको छ।

कृषि क्षेत्रमा रोजगारीको प्रसस्त सम्भावना देखिन्छ तथापि यसलाई व्यावसायिकरण गर्न नसक्दा प्राप्त अवसरको उपयोग गर्न सकिएको छैन। कृषिमा यान्त्रिकिकरण नहुदा उत्पादन र उत्पादकत्वमा एकरुपता तथा परिमाण र गुणस्तरमा सुधार आउन सक्दैन। फलतः कतिपय अवस्थामा लागतको तुलनामा प्रतिफल कम हुने गरेको किसानहरुको भनाई छ। यसले गर्दा युवाहरु यस क्षेत्रमा लाग्न हिच्किचाएको देखिन्छ। व्यावसायिक खेती तथा बजारीकरणमा संस्थागत सहकार्य र समन्वयको अभावले गर्दा राम्रा बजारमा गुणात्मक र परिमाणत्मक उत्पादनहरुको नियमित र भरपर्दो निर्यात गर्न सक्नु चुनौतिको रुपमा रहेको छ। त्यसमाथि पनि विचौलियाको विगविगी वढ्दै गएका कारण वास्तविक किसान र उपभोक्ताको दुरी बढ्न जाने खतरा देखिएको छ। यस प्रकारको परम्परागत खेती प्रणालीमा शिक्षित युवाले चासो नदिने र उनीहरु आधुनिक कृषि प्रविधि अपनाउन पनि नसक्ने अवस्थामा रहेको कारण आंसिक वा पूर्ण रुपमा बेरोजगार रहने युवाको संख्या धेरै रहेको छ। प्राविधिक शिक्षामा सीप विकास र परीक्षण प्रणालीमा सुधार गरि यस चुनौतिलाई अवसरमा वदल्न सक्नु पर्दछ।

राज्यको नीतिमा नियमनका कुरा भए तर व्यवहारिकतामा कति जनशक्ति कहिलेसम्म कुन कामको लागि कस्तो आवश्यक पर्छ र त्यो तयार गर्ने शिक्षण संस्थाले कसरी अभ्यास गरेका छन् भन्ने विषयमा चासो राखेर नियमन गर्ने परिपाटी विकास नहुदा रोजगारीको सुनिश्चितता हुन सकेको छैन। अवका दिनमा यस विषयमा सुधार गर्ने जिम्मेवारी स्थानीय तहमा आएको छ। यो एक अवसर तथा चुनौती पनि हो।

# ६) निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

युवाशक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका सम्वाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ । राष्ट्रिय युवा नीति २०७२ ले उठाएको युवा सम्बन्धी धारणालाई स्थानीय तहसम्म कसरी स्थापित गरिएको छ र यसको कार्यान्वयनमा के कस्तो प्रबन्ध मिलाईएको छ भन्ने नै यो अध्ययनको प्रमुख विषय हो । कमलामाई नगरपालिका र पनौती नगरपालिका लाई आधार मानी युवाको जनसांखिक अवस्था, शैक्षिक स्थिति तथा पेशा व्यवसायमा उनीहरुको संलग्नता र त्यसवाट परिवार र समाजमा परेको प्रभाव तथा परिवर्तन वारे सूचना तथा तथ्यांकको आधारवाट विश्लेषण गरिएको सर्न्दभमा दुबै नगरपालिकामा युवाहरुको संख्या राष्ट्रिय औषत भित्रै रहेको छ (कमलामाई ३८.१ र पनौतीमा ४३.६ प्रतिशत) । यसमध्ये १५ देखि १७ प्रतिशतले उच्चशिक्षा हासिल गरेका छन् ।

नेपालको संविधानको अनुसुची ८ मा संघीय संरचनाको स्थानीय तहको अधिकार सूचीको ६ मा स्थानीय तथ्यांक, अभिलेख संकलन र सूचीको १७ मा बेरोजगारको तथ्यांक संकलन पनि उल्लेख भएको छ । यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ मा गाउँ/नगरपालिकाको तथ्यांक अध्यावधिक गर्ने उल्लेख छ । यस अनुसार पनौती र कमलामाईले नगरविकास योजना तथा बस्तुस्थिति विवरण तयार गर्ने प्रक्रिया अगाडि वढाए संगै युवाको अवस्थाका खण्डिकृत तथ्यांक तथा सूचना पनि समावेस गर्ने जनाएका छन् । कमलामाई नगरपालिका सिन्धुली जिल्लाको सदरमुकाम पनि भएकोले सेवा प्रदायक निकाय र संघ संस्था धेरै क्रियाशिल रहेका र संचालित आयोजनाका लक्षित वर्गका रुपमा युवाका तथ्यांक बनाए पनि समग्रमा कति कुन पेशा, व्यवसाय र बेरोजगार छन् भन्ने सूचना एकमुष्ट उपलब्ध छैन । नगरपालिकाले यो बिषयलाई सकारात्मक ढंगले लिएको र त्यस अनुसार अभिलेखीकरण हुने जनाएको छ । पनौतीमा पनि यो प्रक्रिया अगाडि बढेको छ । तर युवा नीतिमा अडेर युवा लक्षित योजना निमार्णको काम हाल नभएकोले आगामी वर्षको कार्यक्रम निर्धारण गर्दा युवा सम्बन्धी विषयलाई प्राथमिकतामा राख्ने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाहरुले आर्थिक सम्वृद्धिको कार्यसूचीमा बेरोजगारी हटाउने, रोजगारीका अवसर सृजना गर्ने र स्थानीयको पहुँच वढाउने नीति लिएकाले आगामी तीनबर्ष भित्रमा थप रोजगारीका अवसर सृजना हुने देखिन्छ । यी नगरपालिकाहरुले बैदेशिक भन्दा स्वदेशी रोजगारीमा युवाको आर्कषण बढाउने गरी नीति तर्जुमा गर्दैछन् । युवा रोजगारीको लागि यो एक सकारात्मक कार्य हो । हाल पनौती नगरपालिकामा ५४२७ जना र कमलामाई नगरपालिकामा ६१०९ जना युवाहरु रोजगार रहेकामा आगामी ३ वर्ष भित्रमा क्रमशः ५९८९ र ७२८२ जना रोजगार हुनेछन् । यसरी हेर्दा ३ वर्षमा पनौती नगरपालिकामा ५६२ जना र कमलामाई नगरपालिकामा थप ३८१ जनाको लागि रोजगारी मिल्ने देखिन्छ । तथापि यस प्रतिवेदनले औल्याएका अवसर र सम्भावनाहरुको खोजी गरी दिइएका सुझावहरु कार्यान्वयन हुन सकेमा यसभन्दा अधिक रोजगारी प्राप्त हुन सक्नेछ ।

## ६.२ सुझावहरु

युवा रोजगारी अभिवृद्धि र यसको व्यवस्थापनको लागि देहाय वमोजिम कार्य गर्न सुझाइन्छः

**(१) नगरपालिकाको लागि**

१. सीप विकास गरी युवा रोजगारी वृद्धि गर्ने र स्थानीय तहमा विभिन्न निकायबाट संचालित युवा लक्षित कार्यक्रमहरूलाई एकीकृत रूपमा प्रभावकारी ढंगले सञ्चालन गर्न नगरपालिकाहरुले आफ्नो संगठन संरचनामा "युवा सीप विकास तथा रोजगारी व्यवस्थापन शाखा" को व्यवस्था गर्ने ।

२. निजी क्षेत्रसंग साझेदारी गरी सार्वजनिक निजी साझेदारी (Private, Public Partnership) को अवधारणा अनुसार युवा सीप विकास र रोजगारी कार्यक्रम संचालन गर्ने ।

३. युवालाई भूकम्प प्रतिरोधी घर निर्माण, सिकर्मी, डकर्मी, प्लम्विङ्ग, इलेक्ट्रिसियन, डेकोरेसन सम्बन्धि तालिम दिदै उनीहरुलाई स्थानीय स्तरमै रोजगार वन्न प्रेरित गर्ने ।

४. स्थानीय स्तरमा संचालन गरिने सीप विकास तथा उद्यम व्यवसाय सम्बन्धी तालिमको गुणस्तर सुधार गरी तालिमलाई युवा रोजगारी संग आवद्ध गर्ने । यो कार्यक्रम निजी वा गैर सरकारी संस्था मार्फत कार्य नतिजामा आधारित कार्य सम्पादन करार (Result Based Performance Contract) मा गर्न सकिन्छ ।

५. नगरपालिकाहरुमा सूचना केन्द्र स्थापना गरी युवा रोजगारी सम्बन्धी सूचना सहितको Data base व्यवस्थित गर्ने ।

६. युवा कृषक पहिले (Youth Farmer First) भन्ने अभियान संगै कृषि उत्पादनको गुणस्तर सुधार, Value Chain विश्लेषण र बजार सुनिश्चित गरी कृषिलाई प्रतिष्ठित उद्यमको रुपमा विकास गर्ने ।

७. नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन जस्ता कार्यहरुमा युवा वर्गको संस्थागत सहभागिता सुनिश्चित गर्ने र अधिकतम् रोजगारीको अवसर सृजना गर्न सक्ने योजनालाई प्राथमिकता दिइ योजना कार्यान्वयन गर्ने ।

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरेका र विदेशवाट स्वदेश फर्केर उद्यम, व्यवसाय संचालन गरेका युवालाई प्रोत्साहन तथा पुरस्कृत गर्ने ।

९. युवाको सहभागिता र संलग्नतामा भएका सफल कार्यहरुलाई श्रव्य दृष्य सामग्री सहित लिपिवद्ध गरी यसको प्रचार प्रसार गर्ने र यसवाट अरुहरुले सिक्ने अवसर सृजना गर्ने ।

**(२) मन्त्रालयको लागि**

१. सीप विकास, प्राविधिक शिक्षा, क्षमता अभिवृद्धिका कार्यक्रम मार्फत् उद्यमशीलताको प्रवर्द्धन गरी युवालाई उद्यमी वन्न प्रेरित गर्ने नीति बनाउने ।

२. युवाको सहभागिता र संलग्नतामा भएका सफल कार्यहरुलाई श्रव्य दृष्य सामग्री सहित लिपिवद्ध गरी यसको प्रचार प्रसार गर्ने, गराउने र यसवाट अरुहरुले सिक्ने अवसर सृजना गर्ने ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाका लागि स्वरोजगार तथा उद्यमशील बन्न आवश्यक थप तालिम तथा परामर्शका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिने ।

४. युवा कृषक पहिले (Youth Farmer First) भन्ने अभियान संचालन गर्ने र कृषिमा व्यावसायिकरण गरी यसलाई प्रतिष्ठित उद्यमको रुपमा विकास गर्ने नीति लिने ।

# अनुसूचीहरु

## अनुसूची १ः

### जनसंख्या

**(क) कमलामाई नगरपालिकाः**

| वडा नं. | जम्मा जनसंख्या | | | वडा नं | युवा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा |
| १ | २५४२ | २२६२ | ४८०४ | १ | ९६९ | ८६२ | १८३० |
| २ | २३४१ | २०७४ | ४४१५ | २ | ८९२ | ७९० | १६८२ |
| ३ | ९८४ | ८२२ | १८०६ | ३ | ३७५ | ३१३ | ६८८ |
| ४ | ३१९७ | २९७३ | ६१७० | ४ | १२१८ | ११३३ | २३५१ |
| ५ | ३१८९ | २८५६ | ६०४५ | ५ | १२१५ | १०८८ | २३०३ |
| ६ | ४९१२ | ४८७१ | ९७८३ | ६ | १८७१ | १८५६ | ३७२७ |
| ७ | ३१९२ | २८१३ | ६००५ | ७ | १२१६ | १०७२ | २२८८ |
| ८ | २००३ | १६१२ | ३६१५ | ८ | ७६३ | ६१४ | १३७७ |
| ९ | २२८१ | १९६५ | ४२४६ | ९ | ८६९ | ७४९ | १६१८ |
| १० | १८५१ | १६८८ | ३५३९ | १० | ७०५ | ६४३ | १३४८ |
| ११ | २४९८ | २१८५ | ४६८३ | ११ | ९५२ | ८३२ | १७८४ |
| १२ | २१९४ | २००४ | ४१९८ | १२ | ८३६ | ७६४ | १५९९ |
| १३ | १२०६ | १०२४ | २२३० | १३ | ४५९ | ३९० | ८५० |
| १४ | १५३४ | १३०३ | २८३७ | १४ | ५८४ | ४९६ | १०८१ |
| **जम्मा** | **३३९२४** | **३०४५२** | **६४३७६** | **जम्मा** | **१२९२५** | **११६०२** | **२४५२७** |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग राष्ट्रिय जनगणना, २०६८*

**(ख) पनौती नगरपालिकाः**

| वडा नं. | जम्मा जनसंख्या | | | वडा नं. | युवा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा |
| १ | १८५५ | २४४७ | ४३०२ | १ | ८१० | १०६८ | १८७८ |
| २ | १५४२ | १८२६ | ३३६८ | २ | ६७३ | ७९७ | १४७० |
| ३ | १७२२ | २०२४ | ३७४६ | ३ | ७५२ | ८८३ | १६३५ |
| ४ | २५४२ | २६०५ | ५१४७ | ४ | १११० | ११३७ | २२४७ |
| ५ | २२८६ | २३९८ | ४६८४ | ५ | ९९८ | १०४७ | २०४५ |
| ६ | १२०७ | १२५९ | २४६६ | ६ | ५२७ | ५५० | १०७६ |
| ७ | २३९१ | २४९७ | ४८८८ | ७ | १०४४ | १०९० | २१३४ |
| ८ | १५३२ | १८०४ | ३३३६ | ८ | ६६९ | ७८७ | १४५६ |
| ९ | १७२६ | २१०५ | ३८३१ | ९ | ७५३ | ९१९ | १६७२ |
| १० | २१०६ | २३८८ | ४४९४ | १० | ९१९ | १०४२ | १९६२ |
| ११ | १२०५ | १४९० | २६९५ | ११ | ५२६ | ६५० | ११७६ |
| १२ | १६९४ | १९४४ | ३६३८ | १२ | ७३९ | ८४९ | १५८८ |
| **जम्मा** | **२१८०८** | **२४७८७** | **४६५९५** | **जम्मा** | **९५१९** | **१०८२०** | **२०३३९** |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग राष्ट्रिय जनगणना, २०६८*

# अनुसूची २

## आगामी ३ वर्षको पेशागत रोजगारी प्रक्षेपण

(क) कमलामाई नगरपालिका

| वडा नं. | कृषि | नोकरी | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०० | २०० | ३० | ११० | १९० | ६ | १४ | ४ | १६ | ८ | ८७८ |
| २ | २१० | १२५ | ११ | ३३ | १९० | ६ | १४ | १० | १० | ४ | ६१३ |
| ३ | २०० | २३० | २ | २० | ३० | ३ | ७ | ५ | ४ | २ | ५०३ |
| ४ | ७५ | ११० | ३० | ५० | ५० | ९ | २० | २५ | ३० | १५ | ४१४ |
| ५ | १०० | २२० | ४० | ८० | ४० | ५ | १२ | ३० | ५० | १२ | ५८९ |
| ६ | १०० | २३० | ३० | ११० | ५० | ५ | ११ | २० | ४५ | २० | ६२१ |
| ७ | १३० | ९५ | १५ | ५५ | १०० | ५ | १२ | २० | २५ | १३ | ४७० |
| ८ | १५० | ५० | १५ | ६० | ११० | ५ | १२ | १५ | १२ | १५ | ४४४ |
| ९ | १६० | ९९ | २५ | १०५ | १२५ | ३ | ७ | १० | २० | ६ | ५६० |
| १० | ३३ | ९१ | १३ | ४८ | १२२ | ४ | ९ | १२ | २१ | १९ | ३७२ |
| ११ | ४११ | २९ | ५ | २२ | ८० | ५ | १२ | २० | २२ | २१ | ६२७ |
| १२ | ३०५ | ४५ | १० | २८ | २५ | ३ | ८ | ११ | २२ | ४ | ४६१ |
| १३ | २०८ | ४३ | ३ | १५ | ४१ | १ | १ | १२ | १२ | ६ | ३४२ |
| १४ | २३४ | ४१ | १ | २१ | ४६ | १ | ३ | १३ | २२ | ६ | ३८८ |
| **जम्मा** | **२६१६** | **१६०८** | **२३०** | **७५७** | **११९९** | **६१** | **१४२** | **२०७** | **३११** | **१५१** | **७२८२** |

(ख) पनौती नगरपालिका

| वडा नं. | कृषि | नोकरी | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२५ | १०५ | १५ | ४० | ७५ | ५ | ५ | १५ | १० | १५ | ४१० |
| २ | १२० | ५५ | १० | ४२ | १०० | ४ | १० | १० | १३ | १५ | ३७९ |
| ३ | ११५ | ३५ | १५ | ३५ | ७५ | २ | ५ | ११ | १२ | १४ | ३१९ |
| ४ | १०० | ९५ | १८ | ४५ | ६० | ८ | ५ | १५ | १३ | १२ | ३७१ |
| ५ | १२० | ८५ | १७ | ५२ | ९० | ६ | १० | १५ | १४ | १४ | ४२३ |
| ६ | ८५ | ७२ | १२ | ४० | ८० | ४ | ८ | १० | १५ | १२ | ३३८ |
| ७ | ५२ | १५० | २५ | ५३९ | ४५ | ५ | २५ | ६० | ३२५ | ५० | १२७६ |
| ८ | ७८ | ७२ | २० | १०५ | ८० | ३ | ८ | २५ | ३० | २६ | ४४७ |
| ९ | ९० | ७४ | १५ | १०० | ७० | ३ | १४ | २६ | २५ | १९ | ४३६ |
| १० | १२० | ५५ | १८ | ५५ | ६५ | ४ | १० | १० | २५ | १८ | ३८० |
| ११ | ३०० | ४५ | १२ | ३० | १४५ | ३ | ७ | १५ | ३१ | २४ | ६१२ |
| १२ | २९० | ४१ | १५ | ३१ | १४६ | २ | १० | १९ | २७ | १७ | ५९८ |
| **जम्मा** | **१४७५** | **८७९** | **१३७** | **१०४३** | **१०३१** | **४९** | **११७** | **२३१** | **५४०** | **२३६** | **५९८९** |

*स्रोत: नगरपालिकामा भएको जनप्रतिनिधि र लक्षित समुह छलफल, २०७४*

# अनुसूची ३

## स्थलगत अध्ययनका क्रममा सम्पर्क गरिएका / लक्षित समुह छलफलमा सहभागि भएका महानुभावहरुको नामावली

| क्र. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| | **कमलामाई नगरपालिका** | | |
| | **प्रमुख सूचनादाता संग अन्तरवार्ता** | | |
| १ | खड्ग बहादुर खत्री | मेयर | कमलामाई नगरपालिका |
| २ | सहदेव रायमाझी | प्रमुख प्रशासकीय अधिकृत | कमलामाई नगरपालिका |
| ३ | विनोद बाबु खकुराल | इन्जिनियर | कमलामाई नगरपालिका |
| ४ | गोवर्द्धन दास श्रेष्ठ | अध्यक्ष | गणेशचोक गौमती बाटो निर्माण उस |
| ५ | संजय दाहाल | अध्यक्ष | जिल्ला युवा समिति |
| ६ | उमा पौडेल | सम्पर्क व्यक्ति | सामी परियोजना |
| ७ | विजय कुमार श्रेष्ठ | अध्यक्ष | उद्योग बाणिज्य संघ |
| ८ | कुमार मगर | कम्प्युटर अपरेटर | जि.युवा.समितिको कार्यालय |
| ९ | रामकाजी घलान | अध्यक्ष | जिल्ला युवा संजाल |
| १० | प्रभाकार के.सी. | म्यानेजर | प्लान नेपाल |
| ११ | मञ्जु देवकोटा | उपमेयर | कमलामाई नपा |
| १२ | उद्धव पराजुली | लेखापाल | घरेलु तथा साना उ. कार्यालय |
| १३ | शत्रुघन यादव | उपसचिव | जिल्ला युवा समितिको कार्यालय |
| **समुह केन्द्रित सलफल** | | | |
| १ | होमराज विष्ट | व.कृ.वि.अधिकृत | कृषि विकास कार्यालय |
| २ | रामजी प्रसाद साह | बागवानी अधिकृत | कृषि विकास कार्यालय |
| ३ | देवेन्द्र साह | बाली सं. अधिकृत | कृषि विकास कार्यालय |
| ४ | पदम मगर | लेखापाल | कृषि विकास कार्यालय |
| ५ | कमल भट्टराई | कृषक | कमलामाई नपा, सिन्धुली |
| **प्रमुख सूचनादाता संग अन्तरवार्ता** | | | |
| १ | मोहन श्रेष्ठ | सवइन्जिनियर | भूकम्प पुनर्निर्माण कार्यालय |
| **समुह केन्द्रित सलफल** | | | |
| १ | भूपेन्द्र बस्नेत | सा.वि.शा.प्रमुख | जि.स.स., सिन्धुली |
| २ | विष्णु भण्डारी | लेखापाल | जि.स.स., सिन्धुली |
| ३ | दीपक मैनाली | गरिबी नि.अधिकृत | गरिबी निवारण अधिकृत |
| **प्रमुख सूचनादाता संग अन्तरवार्ता** | | | |
| १ | वेदराज दाहाल | निर्देशक | श्री सिन्धुली गैसस |
| २ | गीता लिम्बु | जिल्ला संयोजक | सिक्स फर सेफ रिक्ट्क्सन परियोजना |
| ३ | रमा कार्की | जिल्ला मिडिया कोअर्टिनेटर | |

| क्र. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| **समुह केन्द्रित सलफल** | | | |
| १ | मेघ बहादुर कार्की | सचिव | उद्योग बाणिज्य संघ, सिन्धुली |
| २ | रामकुमार राजभण्डारी | कार्यकारी अधिकृत | उद्योग बाणिज्य संघ, सिन्धुली |
| ३ | अमरेश चन्द्र वैदार | उपाध्यक्ष | उद्योग बाणिज्य संघ, सिन्धुली |
| ४ | राधा कोइराला | महिला वि.नि. | म. त. बालबालिका कार्यालय |
| ५ | सावित्री देवी देवकोटा | सूचना अधिकृत | म. त. बालबालिका कार्यालय |
| **वडा कार्यालयमा समुह केन्द्रित छलफल (होटल रोयल सिन्धुली)** | | | |
| १ | खड्ग वहादुर खत्री | प्रमुख | कमलामाई न पा |
| २ | मन्जु देवकोटा | उप प्रमुख | |
| ३ | शहदेव रायमाझी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | विनोदवावु खकुराल | इन्जिनियर । सूचना अधिकृत | |
| ५ | महेशराज खतिवडा | वडाध्यक्ष १ नं. | कमलामाई नगरपालिका |
| ६ | नवराज थिङ्ग | वडाअध्यक्ष २ नं. | कमलामाई नगरपालिका |
| ७ | खड्ग प्रसाद चौलागाई | वडाध्यक्ष ३ नं. | कमलामाई नगरपालिका |
| ८ | महेन्द्र प्रसाद ढकाल | वडाध्यक्ष ४ नं. | कमलामाई नगरपालिका |
| ९ | पूर्ण बहादुर खड्का | वडाध्यक्ष ५ नं. | कमलामाई नगरपालिका |
| १० | उज्जल कुमार थापा | वडाध्यक्ष ६ नं. | कमलामाई नगरपालिका |
| ११ | टिक बहादुर मुक्तान | वडाध्यक्ष ८ नं. | कमलामाई नगरपालिका |
| १२ | देवराज पौडेल | वडाध्यक्ष ९ नं. | कमलामाई नगरपालिका |
| १३ | मुकेश तामाङ | वडा सचिव ९ | कमलामाई न पा |
| १४ | रामहरि ढुंगेल | वडाध्यक्ष १० नं. | कमलामाई नगरपालिका |
| १५ | राम बहादुर थिङ्ग | वडाध्यक्ष ११ नं. | कमलामाई नगरपालिका |
| १६ | ललित बहादुर आले | वडाध्यक्ष १२ नं. | कमलामाई नगरपालिका |
| १७ | किरण माझी | वडाध्यक्ष १३ नं. | कमलामाई नगरपालिका |
| १८ | जीतलाल अधिकारी दनुवार | वडाध्यक्ष १४ नं. | कमलामाई नगरपालिका |
| १९ | केदर पहाडी | सहायक ३ नं. | कमलामाई नगरपालिका |
| **समुह केन्द्रित छलफल जिल्ला समन्वय समितिको कार्यालय सिन्धुली** | | | |
| १ | सपना श्रेष्ठ | महिला वि.अ. | जिसस, म.वि.शा. सिन्धुली |
| २ | विष्णु भण्डारी | | |
| ३ | शंकर तिवारी | कर्मचारी | सा.वि.शाखा, जिसस, सिन्धुली |
| ४ | आयुश मुखिया | कर्मचारी | सा.वि.शाखा, जिसस, सिन्धुली |
| ५ | वासुदेव हुमागाई | संयोजक | जि.स.सं |
| **समुह केन्द्रित छलफल न पा वडा नं ७ को कार्यालय** | | | |
| १ | कर्ण बहादुर घिसिङ्ग | वडाध्यक्ष ७ नं. | कमलामाई नगरपालिका |
| २ | सोम बहादुर बल | वडा सदस्य ७ नं. | कमलामाई नगरपालिका |
| ३ | तिर्थमाया परियार | महिला सदस्य ७ नं. | वडा कार्यालय |

| क्र. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| ४ | मेनुका तिमल्सिना | स्थानीयवासी | वडा नं ७ |
| ५ | लोक बहादुर पाल्पाली | स्थानीयवासी | वडा नं ७ |
| **पनौती नगरपालिका** | | | |
| **प्रमुख सूचनादाता संग अन्तरर्वाता** | | | |
| १ | भिम न्यौपाने | मेयर | पनौती ३ |
| २ | गीता बन्जारा | उपमेयर | पनौती ४ |
| ३ | गुणनाथ सापकोटा | अध्यक्ष | पनौती १ |
| ४ | पुरुषोत्तम अधिकारी | वडाध्यक्ष | पनौती २ |
| ५ | किशोर थापा | वडाध्यक्ष | पनौती ३ |
| ६ | बुद्धसिंह थापा | वडाध्यक्ष | पनौती ४ |
| ७ | श्रीधर पाध्य कुइँकेल | वडाध्यक्ष | पनौती ५ |
| ८ | सुधिर सापकोटा | वडाध्यक्ष | पनौती ६ |
| ९ | केशव बन्जारा | वडाध्यक्ष | पनौती ८ |
| १० | सहकुल हुमागाई | वडाध्यक्ष | पनौती ९ |
| ११ | मोहन बहादुर भण्डारी | वडाध्यक्ष | पनौती १० |
| १२ | तारामान लामा | वडाध्यक्ष | पनौती ११ |
| १३ | ईश्वर राज जंगम | वडाध्यक्ष | पनौती १४ |
| १४ | ध्यान कुमार थापा | प्र.प्र.अधिकृत | पनौती नगरपालिका |
| १५ | मणिप्रसाद सापकोटा | पशु वि.अधिकृत | पनौती नगरपालिका |
| **समूह केन्द्रित छलफल** | | | |
| १ | रामचन्द्र नास्नानी | वडाध्यक्ष | पनौती ७ |
| २ | राम बस्नेत | वडा सचिव | पनौती ७ |
| ३ | मत्छ्ये माया जंगम | अध्यक्ष | त्रिवेणीघाट सरसफाई समिति |
| ४ | मदन बिश्वकर्मा | कार्यपालिका सदस्य | पनौती ७ |
| ५ | सुदेव सापकोटा | समाज सेवी धार्मीक व्यक्ति | पनैती ७ |
| ६ | केवल रंमतेल | कार्यपालिका सदस्य | पनौती |
| **सूचनादाता सग अन्नतरवार्ता** | | | |
| ४ | सुवर्ण श्रेष्ठ | अध्यक्ष | नवयुग युवा समाज गैसस |
| **समुह केन्द्रित छलफल, जि स स काभ्रे** | | | |
| १ | मायावादे श्रेष्ठ | कार्यक्रम अधिकृत | जि.स.स. काभ्रे |
| २ | लक्ष्मी देउजा | सम्पर्क व्यक्ति | जि.स.स. काभ्रे |
| ३ | उद्धव के.सी. | संयोजक | जि.स.स. काभ्रे |
| ४ | कोमलप्रसाद धमला | जि.स.अधिकारी | जि.स.स. काभ्रे |
| **समुह केन्द्रित छलफल जिल्ला घरेलु तथा साना उद्योग कार्यालय तथा मेड्पा** | | | |
| १ | माधव गौतम | घरेलु वि. अधिकृत | घरेलु तथा साना उद्योग कार्यालय |
| २ | रविन्द्रप्रसाद चौलागाई | कार्यक्रम संयोजक | मेडपा |

| क्र. सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| ३ | गीता पूर्कोटी | सामाजिक परिचालक | मेडपा |
| जानकार सूचनादाता संग अन्तरर्वाता | | | |
| १ | अवनिश्वर कार्की | कार्यकारी सचिव | उद्योग बाणिज्य संघ |
| २ | पुजन जंगम | कृषि प्रसार अधिकृत | कृषि वि. कार्यालय |
| ३ | गोकुल गौतम | निर्देशक | रिमरेक |
| ४ | दिनेश कुमार न्यौपाने | उपसचिव | युवा समितिको कार्यालय काभ्रे |
| ५ | पूर्ण कुमार श्रेष्ठ | सल्लाहकार | पनौती सामुदायिक होमस्टे |
| ६ | रोशनी श्रेष्ठ | संचालक | पनौती होमस्टे |
| ७ | केवश बन्जारा | शाखा प्रमुख | सा.वि. शाखा, पनौती |
| ८ | रामकाजी पहरी | नगरकार्यपालिका सदस्य | पनौती १० |
| ९ | राधिका विश्वकर्मा | नगरकार्यपालिका सदस्य | पनौती ४ |
| १० | चण्डिका परियार | नगरकार्यसमिति सदस्य | पनौती ८ |
| ११ | भवानी विश्वकर्मा | नगरकार्यसमिति सदस्य | पनौती |
| १२ | विष्णुप्रसाद सापकोटा | नगरकार्यसमिति सदस्य | पनौती ३ |
| १३ | इन्द्र प्रसाद अधिकारी | सूचना अधिकृत | पनौती नगरपालिका |

# अनुसूची ४
# सुचना संकलनको लागि प्रयोग गरिएका फर्मेट तथा चेकलिष्ट

अध्ययन क्षेत्र: कमलामाई र पनौती नगरपालिका

**<u>मुख्य विषय: युवा रोजगारीका अवसर र सम्भावना (प्लम्बिङ्ग तथा ईलेक्ट्रीसियन लगायत)</u>**

युवा रोजगारीका अवसर र संभावनाका वारे नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा अन्य सरोकारवाला निकाय तथा व्यक्तिहरु संग भेटधाट, अन्तरक्रिया, समुह केन्द्रित छलफल तथा मूख्य सूचना प्रदाय संगको अन्तरवार्ता जस्ता विधिहरु अपनाएर गुणात्मक तथा संख्यात्मक सूचना संकलन गरि प्रतिवेदन तयार गरिने छ ।

**<u>सुचना संकलनका लागि सम्पर्क गरिने निकाय, प्रक्रिया र चेकलिष्ट:</u>**

### १) जिल्ला समन्वय समिति (काभ्रेपलाञ्चोक र सिंधुली):

विगतमा जिल्लास्तरमा रहेका रोजगारी तथा अन्य युवालक्षित क्रियाकलाप सम्बन्धि समिति तथा तिनिहरुका क्रियाकलाप र दस्तावेज पहिचान संकलन तथा अध्ययन गर्ने । जिल्लातहमा बैदेशिक रोजगारीका लागि कामगर्ने कुनै संरचना भए तिनिहरु संग युवा रोजगारी वारे उपलब्ध सूचनाहरु संकलन गर्ने ।

| क्रम | युवा लक्षित कार्यक्रम | लाभपाउने युवा संख्या | | | संचालन भएको स्थान र मिति | रोजगार हुनेहरुको संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | स्वरोजगार | अन्य रोजगार |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

### २) बिषयगत कार्यालयहरु

जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय, खानेपानी कार्यालय र सम्बन्धित निकाय, संजाल वा गैससमा भएका युवा लक्षित कार्यक्रम, उद्यमी वा उद्योग दर्ता तथा संचालित उद्योगहरु र रोजगारीको अवस्था वारे सूचना तथा तथ्यांक संकलन गर्ने । युवा रोजगारी का लागि के के कार्यक्रम छन् त्यस्ता कार्यक्रम कार्यान्वयनको अवस्था र समेटिएका युवावारे सूचना संकलन तथा कुनै प्रतिवेदन वा दस्तावेज भए अध्ययन गरी विवरण संकलन गर्ने । यसका लागि:

| क्रस | युवा लक्षित कार्यक्रमको नाम | लाभपाउने युवाको संख्या | | | लाभपाउने युवाको विवरण | | | रोजगार हुनेहरुको संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | स्वरोजगार | अन्य रोजगार | उमेर | हासिल भएको सीप | स्वरोजगार | अन्य रोजगार |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**कार्यालयका जिम्मेवार अधिकृतहरु संगको वैठक र अन्तरक्रिया**

| | |
|---|---|
| युवा लक्षित कार्यक्रम के के संचालन भएका थिए ? | |
| कुन क्रियाकलापमा युवा र युवतीको संलग्नता वढि थियो ? | |
| जिल्लामा रोजगारीको अवस्था कस्तो छ | |
| प्लम्बीड र बिजुली वायरिडको तालिमको प्रबन्ध छ ? यस्तो तालिम प्राप्त जनशक्ति कति उपलब्ध छन् ? | |
| वजारमा कुन किसिमको शिप योग्यता भएको कामदारको माग छ ? | |
| रोजगारी मूलक ज्ञान सिप का लागि आवश्यक तालिम दिने जनशक्ति उपलब्ध छ कि छैन? | |
| युवाको रोजगारी श्रृजनाका लागि के के समस्या र चुनौती छन्? | |
| विद्यमान समस्या र चुनौतीको सामनागर्न के गर्नु पर्छ ? | |

- रोजगारदाता (जस्तै यातायात व्यवसायि, सामग्री विक्रेता, ढुवानीकर्ता, निर्माण व्यवसायि, उद्योग वाणिज्य संघ, उद्योग कलकारखाना, होटल, आदि) हरु संग समुह केन्द्रित छलफल गरिने
- स्वरोजगार युवा (कृषि, व्यापार, गैर कृषि) संग अन्तरवार्ता तथा क्रियाकलाप अवलोकन गरि सुचना संकलन गरिने

**उद्योग कलकारखाना र रोजगारी सम्भावना सम्बन्धि विवरण**

| उद्योगको किसिम | उत्पादनको विवरण | कामदारको किसिम र संख्या | | | कच्चा पदार्थको श्रोत | | बजार व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राविधिक | दक्ष | अदक्ष | स्थानीय | आयातित | स्थानीय | राष्ट्रिय | अन्तरराष्ट्रिय |
| | | | | | | | | | |
| | | | | | | | | | |

**३) नगरपालिका (पनौती र कमलामाई)**

- नगरपालिकामा के के संस्थागत संरचना छन् ?
- तिनिहरुको विवरण तथा निर्धारित क्रियाकलापहरु वारे संम्बन्धित ईकाइ, समिति वा कार्यदल संग अन्तरवार्ता, छलफल तथा अवलोकन गरी सूचना तथा तथ्यांक संकलन गर्ने ।
- सूचना संकलनका लागि:
  क) नगरको आर्थिक श्रोत हरु के के पहिचान भएका छन् ?
  ख) आन्तरिक श्रोतवाट कति आम्दानी हुन्छ ।
  ग) नगरपालिकाको विकास सभाव्यता र चुनौती के के छन्?
- नगरपालिका का मेयर, उपमेयर तथा वडा सदस्यहरु सहितको समुह केन्द्रित छलफलको आयोजनागर्ने ।
- संकलित सूचना तथा तथ्यांकवारे सामान्य जानकारी गराई उनीहरुको थप सल्लाह सुझाव लिने ।

- नगरपालिकाका सम्बन्धित कर्मचारी, युवा रोजगारी सम्बन्धमा कामगर्ने सामाजिक संघ संस्था तथा परियोजना भए तिनिहरुका प्रतिनिधि संग युवा रोजगारीको अवस्था, आवश्यकता, संभावना र चुनौतीवारे विश्लेषणात्मक अन्तरक्रिया गर्ने ।

**४) वडा कार्यालय (पनौती १२ र कमलामाई १४)**

नगरपालिकाका सबै वडा कार्यालयमा पुगेर वडाका वस्तिस्तरका सूचना संकलनगर्ने प्रयोजनका लागि निम्न कार्यगरिने छ :

- वडा समितिका पदाधिकारी संग युवा संग सम्बन्धित विषयवस्तु र समग्र वडाको आर्थिक अवस्था, संभावना, मानविय तथा प्राकृतिक श्रोतको उपलब्धता, परिचालनको अवस्था र चुनौती वारे अन्तरक्रिया गर्ने
- वडाको आर्थिक अवस्था, रोजगारीको प्रकार र रोजगारी दिने निकायका सूचना संकलन गर्ने
- वडास्तरमा भएका सूचनाको अवस्था, सूचनाको श्रोत तथा अद्यावधिक भए नभएको जानकारी लिने तथा सुचना संकलन गर्ने:
  क) विद्यालयको किसिम र वालवालिकाको पहुंच वारे तथ्यांक लिने
  ख) प्राविधिक शिक्षालय भए नभएको ? कुन कुन सिपमूलक व्यावसाहिक तालिम लिएका युवाहरुको संख्या ? रोजगारीको अवस्था के छ? युवाले रोजेको रोजगारी कस्तो हो ? सूचना लिने
  ग) स्थानीय क्लव वा युवाका गतिविधि हुने, युवा भेला हुने स्थानमा युवासंगै छलफल गर्ने

**सूचनाका अन्य श्रोत:**

युवा सम्बन्धि क्रियाकलापमा लागेका संघ संस्था भएमा सूचना तथा तथ्यांक संकलन तथा अन्तरक्रियागरि आवश्यक जानकारी लिईने छ : जसमा

क) नगरमा १६ बर्ष देखि ४० बर्षका युवाको संख्या कति छ ? सबै विद्यालयमा जान्छन् ? नजाने कति छन्? विद्यालय नजानेहरु के काममा लागेका छन्?

ख) नगरपालिका वा आसपासका क्षेत्रमा रोजगारी दिने किसिमका परियोजना वा निजि कुनै कम्पनी संचालित छन्?

ग) रोजगारीको हिसावले युवामा महिला र पुरुषको लागि अवसर कसलाई वढि छ? कस्तो किसिमको रोजगारीमा युवाहरुको माग छ र कस्तो किसिमको रोजगारीमा युवतिहरुको माग छ ?

समय परिस्थिति अनुसार आर्थिक परिसूचकहरुको जानकारी तथा सूचना तथा तथ्यांकहरु उपलब्ध भएसम्म संकलन गरि प्रतिवेदनमा समावेस गरिनेछ । यसका लागि यस प्रतिष्ठानले दुईजना विज्ञहरुको टोली वनाएको छ । यस टोलीले प्रत्येक वडावाट सूचना संकलन गर्नेछ । साथै नगरपालिका कार्यालयमा छलफल भेटघाट गरी आधिकारिक सूचना ल्याउनेछ । टोलीले आवश्यता अनुसार स्थानीय युवाको सहयोग लिनेछ । क्षेत्रगत सूचनाका लागि प्रश्नावली तथा समुह केन्द्रित छलफलका लागि विस्तृत बिषयसूची बनाएर लगिने छ । यसका लागि मंन्त्रालयको सल्लाह सुझावहरु समेत समावेस गरिनेछ ।

नपामा आर्थिक क्रियाकलाप

| विवरण | हालको अवस्था | आगामी ५ वर्षको सम्भावना | अन्य विवरण |
|---|---|---|---|
| खानी | | | |
| पर्यटन | | | |
| जलविद्युत | | | |

**सुचना संकलन फाराम (वडा अनुसार)**

उत्तरदाता : वडा कार्यालय वा पदाधिकारी
नगरपालिका को नामः वडा नं : स्थानः
तथ्यांक संकलकको नामः संस्था मिति

क) जनसंख्या विवरण
१) वडाका वस्तीको संख्याः................(नाम सहित................................................
२) घरधुरी संख्या : घरमुली : महिला पुरुष तेश्रोलिंगीः
३) कुल जनसंख्या : महिला पुरुष
क) १६ बर्ष मुनीको जनसंख्याः बालक बालिका :
ख) १६ बर्ष माथि ४० बर्षसम्मको जनसंख्याः युवा युवति
ग) जम्मा जनसंख्या महिला पुरुष तस्रो लिगिं

| वडा | लिङ्ग | शैक्षिक स्थिति (वडाको जम्मा) | | | पेशा (वडाको जम्मा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत तह | माध्यमिक तह | उच्च शिक्षा तह | कृषि | जागिर | उद्योग | व्यापार | पशुपालन | प्लम्बिङ | इलेक्ट्रीसियन | सिकर्मी | डकर्मी | सवारी चालक | अन्य | |
| | महिला | | | | | | | | | | | | | | | |
| | पुरुष | | | | | | | | | | | | | | | |
| | तेश्रोलिंगि | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | |

घरको संख्या

| वडा नं. | घर संख्या | | | | बजार संख्या | वजारको किसिम | विक्रि हुने मुख्य वस्तुहरु | रोजगारीको सम्भावना |
|---|---|---|---|---|---|---|---|---|
| | पुरानो | हाल वन्दै गरेको | आगामि २ वर्षको सम्भावना | आगामि ५ वर्षको सम्भावना | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

भूमी तथा भू उपयोग सम्बन्धि विवरण

| वडा नं. | खेती गरिएको क्षेत्रफल (रोपनी) | खाद्यान्न उत्पादन | | | खेती योग्य जमिन | | | वन जंगल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धान | मकै | गहु | सिंचित | असिन्चित | बांझो | सरकारी | सामुदायिक | निजि | सांस्कृतिक |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रफल रोपनी | उत्पादन | पशुजन्य उत्पादन |

| वडा नं. | खेती गरिएको क्षेत्रफल (रोपनी) | ताजा तरकारी | फलफुल | नगदेवाली | ताजा तरकारी | फलफुल | नगदेवाली | दुध | मासु | अण्डा | घिउ, छुर्पी, आदि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

लघु, घरेलु तथा साना उद्योगको अवस्था

| वडा नं | उद्योगको नाम | हालको उत्पादन | मूल्य | कामदार (रोजगारी) संख्या | विक्रि गर्ने वजार | आगामी ५ वर्षमा वृद्धि हुन सक्ने | नया सम्भावित उद्योग | अनुमानित रोजगारी दिन सक्ने संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

भौतिक पूर्वाधार योजना

| वडा नं. | निर्माणाधिन योजना | कामदारको माग | | आगामी ५ वर्ष सम्मको सम्भावना | कामदारको माग | |
|---|---|---|---|---|---|---|
| | | किसिम | संख्या | | किसिम | संख्या |
| | | | | | | |
| | | | | | | |

वैदेशिक रोजगारीमा जानेहरुको विवरण

| देश | संख्या | | मुख्य काम | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| अरव | | | | |
| मलेसिया | | | | |
| भारत | | | | |
| अन्य | | | | |

नगरपालिका र जिल्लाभित्र रोजगार हुनेहरुको विवरण

| देश | संख्या | | मुख्य काम | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| सरकारी | | | | |
| गैर सरकारी | | | | |
| निजी क्षेत्र | | | | |
| स्वरोजगार | | | | |
| अन्य | | | | |

आफ्नो जिल्ला वाहिर तर स्वदेशमा रोजगार हुनेहरुको विवरण

| देश | संख्या | | मुख्य काम | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| सरकारी | | | | |
| गैर सरकारी | | | | |
| निजी क्षेत्र | | | | |
| स्वरोजगार | | | | |
| अन्य | | | | |

स्थानीय सेवाको अवस्था

| यातायातका साधन संख्या | | | स्वास्थ्य संस्था | | | खानेपानी वितरण | | | | फोहरमैला व्यवस्थापन कसरी | | | सहकारी संख्या | | | | बजार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बस | कार | ट्याक्सी | हेपो | प्रा स्वा के | अस्पताल | पाईपलाईन | मूलको धारा | कुवा पंधेरा | खोला | निजि संकलन | नपाको संकलन | अन्य | कृषि | बचत तथा ऋण | बहुउद्देशिय | सेवामूखी | स्थायी | घुम्ती | हाटबजार |
| | | | | | | | | | | | | | | | | | | | |

# सन्दर्भ सामग्री


- कमलामाई नगरपालिका, सिंन्धुली, वार्षिक नगर विकास योजना, २०७३/७४
- कमलामाई नगरपालिका, सिंन्धुली, वार्षिक नगर विकास योजना, २०७२/७३
- कमलामाई नगरपालिका एक चिनारी, २०७१ (ब्रोसर)
- केन्द्रीय तथ्याङ्क विभाग, तथ्याङ्क कार्यालय धुलिखेल, जिल्ला बस्तुगत विवरण (नयाँ स्थानीय तह अनुसार), काभ्रेपलाञ्चोक,२०७४
- केन्द्रीय तथ्याङ्क विभाग, तथ्याङ्क कार्यालय सिंन्धुली, २०७४,
- जिल्ला कृषि विकास कार्यालय, काभ्रे, वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका, २०७३
- जिल्ला कृषि विकास कार्यालय, कृषि विकास कार्यक्रम तथा तथ्यांक, २०७३/७४
- जिल्ला विकास योजना, आ.व. २०७२/७३, जिविस कार्यालय, सिन्धुली
- जिल्ला जनसंख्या पार्श्वचित्र, सिन्धुली, २०७१
- नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, श्रम तथा रोजगार, बुलेटीन, अंक १२, २०७३/७४
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, राष्ट्रिय युवा नीति, २०७२
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युवा बुलेटिन-अंक १४, २०७१
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युवा बुलेटिन-अंक १५, २०७२
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युवा बुलेटिन, २०७३
- पनौती नगरपालिकाको प्रथम नगरसभाबाट पारित आ.व. २०७४/७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम
- पनौती नगरपालिका, कृषि शाखा, पनौती कृषि दर्पण, २०७४/७५
- बैदेशिक रोजगार विभाग, वार्षिक प्रतिवेदन, २०७२/७३
- महिला तथा बालबालिका कार्यालय, सिन्धुली, वार्षिक प्रगति विवरण, २०७३/७४
- युवा तथा खेलकुद मन्त्रालय, युवा सूचना केन्द्र संचालन तथा व्यवस्थापन निर्देशिका, २०७०
- युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद ऐन, २०७२
- राष्ट्रिय योजना आयोग, चौधौं योजना (२०७३/७४-२०७५/७६), आधार-पत्र, २०७३
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सुरक्षित घरवास निर्माणका लागि सन्दर्भ पुस्तिका,
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सुरक्षित घरवास, आधारभूत जानकारी
- सिन्धुली उद्योग बाणिज्य संघ, वार्षिक प्रगति प्रतिवेदन, २०७३/७४,
- सिन्धुली महोत्सव स्मारिका, २०७१
- A Brief Introduction to Panauti Municipality (Brochure)
- World Bank Group, Social Protection and Labor Global Practice Group & Gender Cross-Cutting Solutions Area, April 2016, the Role of Training Programs for Youth Employment in Nepal, Impact Evaluation Report on the Employment Fund